**खेतीयोग्य जमीनमा बस्ती नबसालौं ।**

- खेतीयोग्य जमीनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली वातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाइ सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँबस्तीलाई नमूना बस्तीमा रूपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०८० जेठ १८ गते बिहीवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 June 01 Thursday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २७१

## अत्यधिक गर्मी बढेपछि महानगरका विद्यालय २८ गतेदेखि खुल्ने

प्रस, वीरगंज, १७ जेठ/

मध्यतराईका जिल्ला पर्सा, बारा, रौतहटलगायतका जिल्लामा एक सातायता गर्मी अत्यधिक बढेको छ ।



तस्वीरः फाइल/प्रतीक

दिउँसोको समयमा यस क्षेत्रमा तापक्रम बढेर ४० देखि ४२ डिग्री सेल्सियससम्म पुग्ने गरेको छ । जसका कारण जनजीवन निकै प्रभावित भएको छ । मध्यतराईमा बढेको अत्यधिक गर्मीका कारण विद्यालयमा पठनपाठनमा समस्या भइरहेको छ । गर्मीकै कारण विद्यार्थीहरू कक्षाकोठामा बेहोश हुन थालेका छन् । बुधवार पर्साको पटेर्वासुगौली गाउँपालिकाको एक विद्यालयमा एकजना छात्रा कक्षाकोठामैं बेहोश भइन् । कक्षा ४ मा पढ्ने ती छात्रा अत्यधिक गर्मीले कक्षाकोठामैं बेहोश भएकी हुन् ।

पटेर्वासुगौली गापाका शिक्षा शाखा प्रमुख सोलेन्द्र पञ्जियारले विद्यालयमा पङ्खाको अभाव नरहेको तर गर्मी अत्यधिक बढेकोले पठनपाठनमा समस्या भइरहेको बताए । गापाका तीनवटा मावि, चारवटा आवि र प्रावि गरेर २४ वटै सामुदायिक विद्यालयमा पङ्खा जडान भएको उनको दाबी छ । गर्मी बढेसँगै विद्यालयमा बिदा दिनुपर्ने अभिभावकहरूले आवाज उठाएका छन् ।

**वीरगंज महानगरमा १९ देखि २६ गतेसम्म बिदा**

यसैबीच, वीरगंज महानगरले अत्यधिक गर्मीलाई मध्यनजर गर्दै जेठ १९ देखि २६ गतेसम्म बिदा दिएको छ । महानगरले जारी गरेको सूचनामा अत्यधिक गर्मी बढेकोले विद्यार्थीहरूको स्वास्थ्यलाई मध्यनजर गर्दै वर्षे बिदाबाट कट्टा हुने गरी जेठ १९ देखि २६ गतेसम्म विद्यालय बन्द रहने जनाएको छ । जेठ २७ गते शनिवार सार्वजनिक बिदा भएकोले वीरगंज महानगरका ३२ वटा वडामा रहेका निजी तथा सामुदायिक विद्यालयहरू जेठ २८ गतेदेखि खुल्ने जनाइएको छ । वीरगंज महानगरमा करीब ९३ वटा सामुदायिक र १५० वटा निजी विद्यालय सञ्चालनमा छन् ।

### गर्मीले छात्रा बेहोश



प्रस, पंचगावाँ, १७ जेठ/

वनदेवी आधारभूत विद्यालय भतौडामा अध्ययनरत कक्षा ४ कि छात्रा सहाबुन नेसा गर्मीका कारण बेहोश भएकी छन् ।

बुधवार बिहानको कक्षामा अध्ययन गरिररहेकी छात्रा नेसा अत्यधिक गर्मी बढेसँगै कक्षाकोठामा पङ्खासमेत नभएको कारण बिहान ९ बजे बेहोश भएको विद्यालयका प्रधानाध्यापक सुभाषप्रसाद दासले बताए । पटेर्वासुगौली गाउँपालिका–१ गदियानी निवासी नेसा बेहोश भएपछि उनलाई विद्यालयमा प्राथमिक उपचार गरिएको र थप उपचारको लागि वीरगंज पठाइएको थियो ।

## महानगरमा स्कूलबस जथाभावी सञ्चालित



तस्वीरः प्रतीक

नितेश कर्ण, वीरगंज, जेठ १७/

वीरगंज महानगरमा सञ्चालित निजी विद्यालयहरूले महानगरको आदेशको उल्लङ्घन गरिरहेका छन् । महानगरमा सञ्चालित विद्यालयहरूका बस एकै रङ (पहेंलो रङ)को हुनुपर्नेमा महानगरले निजी विद्यालयहरूलाई सोही रङको बस सञ्चालन गर्न बारम्बार ताकेता गरे पनि निजी विद्यालयहरूले महानगरको निर्देशनको पालना गरेको पाइएको छैन ।



तस्वीरः फाइल

यसअघि प्रतीक दैनिकले समाचार प्रकाशित गरेपछि महानगरले पुनः निजी विद्यालयलाई पहेंलो रङको सवारीसाधन प्रयोग गर्न परिपत्र गरेको थियो तर अहिले वीरगंज महानगरमा नाम चलेका निजी विद्यालयहरूले पनि महानगरको सो निर्देशनविपरीत जथाभावीरूपमा ईरिक्शा, जीप, कार, बस, सिटीराइडलगायतका सवारीसाधनमा विद्यार्थीहरू ओसारपोसार गरिरहेका छन् ।

## बाघभैरव सामुदायिक वनमा पाँचवटा पोखरी

### सिमसार क्षेत्रको संरक्षणसँगै पर्यटकीय क्षेत्रको सम्भावना बढ्दो

प्रस, निजगढ, १७ जेठ/

निजगढ नगरपालिका–४ बागदेवस्थित विश्वकै कान्छो पर्वत शृङ्खला चुरेको फेदमा रहेको बाघभैरव सामुदायिक वन उपभोक्ता समूहको वन यस क्षेत्रमा हरियाली बढ्ने, अहिलेका सुक्खा जमीनहरूमा चिस्यान बढ्ने, पानीका स्रोतलाई सुक्न नदिने, सिमसार क्षेत्र संरक्षणसँगै वातावरणमा समेत स्वच्छता बढ्ने अपेक्षा लिइएको हामीले आँट, साहस गरेका थियौं । त्यस बेला गरेको दुःख, मेहनत अहिले घना र हरियाली वनको रूपमा देख्दा भुल्छौं । अहिले निकै खुशी लाग्छ," तत्कालीन वन समूहका अध्यक्ष लामिछाने भने ।



निजगढ नपा–४ बागदेवस्थित बाघभैरव सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रमा भर्खरै निर्माण सम्पन्न पोखरी र अन्य पोखरीको दृश्य । तस्वीरः जीतलाल श्रेष्ठ

क्षेत्रमा पाँचवटा पोखरी निर्माणाले सिमसार क्षेत्रको संरक्षणसँगै वन्यजन्तुको चहलपहल बढ्न थालेको छ । जसमा स्थानीयरूपमा चिनिने तीन बिघा क्षेत्रफलमा रहेको एउटा कुनसाङ पोखरी सात वर्षदेखि निरन्तर सञ्चालनमा छ भने यसमा बोट पनि सञ्चालन हुन्छ । यस पोखरीमा व्यावसायिकरूपमा विभिन्न प्रजातिका माछापालन गर्दै फिसिङको व्यवस्थासमेत मिलाइएको छ ।

वन समूहको आय आर्जन गराउन त्यस बेला वन समूहले पोखरी निर्माणमा रु १० लाख खर्च गरे पनि पोखरी पूर्णरूपमा निर्माण हुन नसकेपछि स्थानीयको थप रु १० लाखको लागतमा निर्माण सम्पन्न गरी वार्षिक ठेक्कामार्फत उक्त पोखरी सञ्चालनमा ल्याइएको वन समूहले जनाएको छ ।

वन समूहमा केही वर्षअघि दुईवटा साना पोखरी र अघिल्लो वर्ष लगभग डेढ बिघा क्षेत्रफलको एउटा पोखरी र आर्थिक वर्ष २०७९/८० मा २०० मिटर लम्बाइ, ३७ मिटर चौडाइ र दुई मिटर गहिराइको एउटा पोखरी निर्माण सम्पन्न भएको छ । सिमसार क्षेत्र व्यवस्थापनका लागि डिभिजन वन कार्यालय, बाराको रु १० लाखको सहयोग र थप रु एक लाखबराबरको उपभोक्ताको जनश्रमदान गरी रु ११ लाखमा उक्त पोखरी दुई दिनअघि निर्माण सम्पन्न भएको बाघभैरव सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष अमरलाल सिङ्तानले बताए ।

पोखरी नै पोखरी भएको यस वन समूहबाट परिचित हुन केही वर्ष अझै पर्खनुपर्ने देखिन्छ । उक्त पाँचवटा पोखरीमध्ये चारवटा पोखरी अझै सञ्चालनमा ल्याउन केही समय कुर्नुपर्ने वन समूहका अध्यक्ष सिङ्तानले बताए । यस वन समूहमा रहेका दुईवटा साना पोखरीलाई भर्खरै डिवका, बाराबाट रु दुई/दुई लाख प्राप्त गरी मर्मतसम्भार गरिएकाले अब पोखरीमा पानी राख्नको लागि व्यवस्थापनमा जुट्ने वन समूहका उपाध्यक्ष हस्तबहादुर कार्कीले बताए ।

चुरे फेदमा रहेको यस वन समूहमा निर्माण भएका पोखरीमा पानी भर्ने व्यवस्था मिलाउन आग्रह गरिने डिवका, बाराका प्रमुख एवं डिभिजनल वन अधिकृत विनोद सिंहले बताए । यहाँका सबै पोखरीमा पानी भरेसँगै केही वर्षमैं डिभिजनल वन अधिकृत सिंहले बताए ।

२०६६ सालमा बकैया खोलाको पूर्वतर्फको ठूलो क्षेत्रफलमा रहेको नदीउकास जमीनमध्ये १०५ हेक्टर वनको क्षेत्रलाई सिमेन्टेड पोल, काँडेतारले घेराबार गरी संरक्षण गर्दै टयाक्टरले बगर जोत्दै खयर, सिसौं, हर्रोबर्रो, अमला, बेल प्रजातिका बीउ छरेपछि केही वर्षमैं आशालाग्दोरूपमा बिरुवा हुर्कंदै अहिले यस नदीउकास क्षेत्र घना र हरियाली बनेको छ ।

वन समूहका तत्कालीन अध्यक्ष सुदर्शन लामिछानेको पहलमा सुक्खा नदीउकास बगरलाई तत्कालीन जिल्ला भूसंरक्षण कार्यालय, बाराको सहयोगमा चुनौतीको सामना गरिएपछि सकारात्मक परिणाम आएको यस वन समूहले चौतर्फी प्रशंसा पाइरहेको छ ।

त्यस बेला हामीलाई बगरमा पनि बीउ छरेर बिरुवा उम्रन्छ र ? भन्नेहरू नभएका होइनन् । प्रयास गरौं न त भनेर

सुक्खा नदीउकास बगरलाई हरियाली बनाउन चुनौती र साहसका कार्यमा वन समूहका पदाधिकारी, उपभोक्ताले आँट दिएका कारण र जिल्ला भूसंरक्षणले पनि खयरको बीउ उपलब्ध गराइ सहयोग गरेका कारण अहिले वन क्षेत्र हरियाली बनेको स्थानीय समाजसेवी कृष्णप्रसाद दाहालले बताए । यस वन समूहको नदीउकास क्षेत्रमा बीउ छरेर हरियाली वन बनाउनका लागि जिल्ला भूसंरक्षण कार्यालय, बाराले खयरको बीउ उपलब्ध गराइ सहयोग गरेको प्राविधिक अनिल सिन्हाले बताए । घना सिसौंको रूख रहेको यस वन क्षेत्रमा पछिल्लो समय सिसौंको रूख सुक्दै गएको र खयरका रूख बाक्लिँदै आइरहेको वन समूहका अध्यक्ष सिङ्तान र कार्यालय सचिव रामकुमार सिग्देलले बताए ।

यस वनमा हरिण, मृग, बँदेल, घोडगधालगायतका वन्यजन्तु र विभिन्न

(बाँकी पाँचौं पातामा)

## तौलमा ठगी गर्ने विनोद चौधरीलाई साढे तीन लाख जरिवाना

नरेश यादव, पर्सागढी, जेठ १७/

तौलमा कम, तराजुमा बढी देखाउने पर्सागढी नगरपालिका–५ स्थित वनहर बाबा सहकारी संस्थाका सञ्चालक विनोद चौधरीलाई साढे तीन लाख रुपैयाँ जरिवाना गरिएको छ ।

पर्सागढी नपामा ठगी गर्ने चौधरी र गुणस्तर तथा नापतौल कार्यालय, पर्सा वीरगंजका प्रतिनिधिको रोहबरमा बुधवार भएको बैठकमा कार्यालयले चौधरीलाई रु तीन लाख ५८ हजार जरिवाना गरेको हो । उनलाई तौल कम गरेर तराजुमा बढी देखाउने कसूरमा मुद्दा चलाउने निर्णय भएको हो ।

चौधरीले युरिया मल बिक्री गर्दा हिजो ५० किलो बोरा उनको डिजिटल तराजुमा ५७ किलो देखिएको थियो । यसअघि पनि उनले कम तौलको मल बढी देखाएर बिक्री गर्दै आएको स्थानीयको आरोप छ । हिजो उनलाई स्थानीयले सो कसूरमा पक्राउ गरी एकटाँगा प्रहरी कार्यालयलाई बुझाएको थियो । पर्सागढी नपाको अनुरोधमा प्रहरीले चौधरीलाई आज नपामा सुम्पेको



तस्वीरः फाइल

र त्यहाँ भएको बैठकबाट उनलाई दण्डित गरी मुद्दा चलाउने निर्णय भएको छ ।

**विचारसार एवं सूक्तिहरू**

**'चाहना' अफ गरेर 'स्वीकार' अन गऱ्यो भने परिस्थिति अनुकूल बन्दै जान्छ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| प्रबन्ध सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति टोल, श्रीपुर, वीरगंज-१४ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# अस्पताल निर्माणमा विलम्ब

**पर्साको धोबिनी गाउँपालिकामा आजभन्दा आठ महीना पहिले नै निर्माण सम्पन्न हुनुपर्ने १५ शय्याको अस्पताल अहिलेसम्म अधूरो छ। रु १० करोडको लागतमा निर्माण हुने उक्त अस्पताल निर्माणको काम टाइबिमसम्म भएपछि निर्माण कम्पनीले गत चार महीनादेखि काम गरेको छैन। काम नगरेकोबारे २० दिन पहिले मात्रै पालिकाले पत्राचार गरेको थियो। पालिकाहरूमा निर्माण भइरहेको अस्पताल सङ्घीय सरकारले अगाडि सारेको 'आधारभूत अस्पताल' अन्तर्गतको हो। तत्कालीन केपीशर्मा ओली नेतृत्वको सरकारले आधारभूत स्वास्थ्यलाई नागरिकको नैसर्गिक अधिकार भन्दै मुलुकका सबै पालिकामा १० देखि १५ शय्याको आधारभूत अस्पताल निर्माण गर्ने लोकप्रिय र महत्त्वाकाङ्क्षी कार्यक्रम ल्याएको थियो। तत्कालीन प्रधानमन्त्री ओलीले १७ मङ्सिर २०७७ मा एकसाथ ३९६ वटा पालिकामा अस्पताल शिलान्यास गरेका थिए। ओली नेतृत्व सरकारको अवसानपछि यस कार्यक्रमलाई खासै चासो दिएको पाइँदैन। मुख्यतः चासो दिनुपर्ने र तदारूकता लिनुपर्ने दुईवटा सरकारले हो, पहिलो सङ्घीय सरकार र दोस्रो स्थानीय पालिका सरकारले।**

**लोकप्रिय र जनचासोको कार्यक्रम रहेको कारण ओलीपछि आउने सरकारहरूले यो शीर्षकलाई काट्न वा हटाउन सकेनन्। तर यसलाई चासो एवं रुचि पनि दिएनन्। सरकारको नेतृत्वमा रहेका जोकसैले पनि राम्रो कार्यक्रम वा सोचहरू ल्याएमा त्यसलाई अङ्गीकार गर्ने र अगाडि बढाउने राजनीतिक संस्कार हाम्रा नेताहरूमा छैन। "अरूले ल्याएको कार्यक्रममा आफूले जति गरे पनि जस अरूले लेलान् कि" भन्ने सङ्कीर्ण सोच छ। सरभर पहिले भएका राम्रा कामहरूलाई ढाकछोप गर्ने र सकिन्छ भने नामनिसान नै मेटाइदिने प्रयास हुन्छ। उदाहरणको लागि ज्येष्ठ नागरिक भत्तालाई लिन सकिन्छ। मुलुकका पहिलो कम्युनिस्ट प्रधानमन्त्री मनमोहन अधिकारी नेतृत्वको सरकारले शुरू गरेको हो। यसलाई कसरी ओझेलमा पार्न सकिन्छ भन्ने प्रयासहरू नभएका होइनन् तर वृद्धवृद्धादेखि युवा र बालबालिकासमेतको निगरानी यसमा परिरहेको हुँदा मन लागीनलागी अन्य सरकारहरूले पनि बोकेर हिंड्न बाध्य छन्। स्व अधिकारीको योगदानलाई ओझेलमा पार्नका लागि सामाजिक सुरक्षा भत्ता पाउने उमेर ७० बाट घटाएर ६८ मा ल्याइयो। अरूले पाइरहेको जस तथा स्यावासीलाई मेटाएर पछिल्लो सरकार तथा उक्त सरकारको नेतृत्व गरेका राजनीतिक दलले आफ्नोतर्फ जनसमर्थन केन्द्रित गराउन चाहनुबाहेक ६८ मा झार्नुपर्ने अन्य कुनै कारण छैन।**

**आधारभूत अस्पतालको कार्यक्रमलाई पनि ओझेलमा पार्ने दुष्प्रयास भइरहेको छ। ओलीपछि शेरबहादुर देउवा नेतृत्वको सरकारले आधारभूत अस्पताल निर्माण कार्यलाई तीव्रता दिने घोषणा गऱ्यो, बजेट पनि विनियोजन गऱ्यो, तर कार्यान्वयनमा चासो दिएन। शिलान्यास भएकामध्ये सरकारले १८ वटाको डिपिआर तयार गर्ने अनुमति दिएन। त्यस्तै, ४० वटा अस्पतालको डिपिआर तयार भएपनि टेन्डर [redacted] सम्झौता भएका स्थानहरूमा समयमा [redacted] कम्पनीलाई निगरानी र ताकेता [redacted] चार महीनासम्म पालिका चुप [redacted]बाटै प्रस्ट हुन्छ। योजनामा चासो [redacted] निगरानी र साप्ताहिक रिपोर्ट [redacted] पालिका धोबिनी जस्तै हुन्।**

सन्दर्भः १८ जेठ विश्व आमाबुवा दिवस

# मातापिताको सम्मान र संस्कृति

आजको युग सूचना तथा सञ्चारको युग हो। सर्वसाधारणले धेरै कुरो घरमै बसेर सामाजिक सञ्जाल तथा इन्टरनेटबाट थाहा पाइरहेका छन्। आजभोलि जुन विषय वा सन्दर्भका कुरा आफ्नो मोबाइलमा सबैभन्दा बढी हेर्न मन पराउँछौं, त्यस्तै सामग्रीहरू इन्टरनेटले छानीछानी हेर्न सिफारिश गर्ने गरेको छ। फेरि जस्तो सामग्री हेर्न मन पर्छ, त्यस्तै सामग्री पनि आइरहन्छ। कहिल्यै नटुङ्गिने यात्राजस्तो सामग्रीको शृङ्खला कहिल्यै कम हुँदैन। सामग्री कम नहुने भएकोले जो जति हेर्न रुचाउँछ, उसले त्यति नै हेर्न पाउँछ। आफूलाई हेर्न जति धेरै फुर्सद हुन्छ, उति धेरै सामग्री इन्टरनेटमा पाइन्छ पनि।

आजभन्दा पहिले मोबाइलको यति प्रयोग बढि नसकेको समयमा कम्प्युटर प्रयोगकर्ताको मुठीमा दुनियाँ छ भनिन्थ्यो। आजभोलि दुनियाँ मोबाइलभित्र छ। यसैले अहिले शिशुदेखि वृद्धसम्मलाई मोबाइल नभई हुँदैन। यस्तो युग आइसकेको छ कि कसैले केही लेख्न चाहेको कुरो वा खोज्न चाहेको कुरो मोबाइललाई आदेश दिएमा, यदि त्यसमा इन्टरनेट र सही एप खोलिएको छ भने, तुरुन्तातुरुन्तै जवाफ हाजिर हुन्छ। यस्तो अचम्मको दुनियाँबारे पहिले मानिसले कहिल्यै कल्पना पनि गरेका थिएनन् जुन आज उपभोग गरिरहेका छन्। अहिले उपभोग गरिरहेको क्रममा हामीले विगतलाई पनि बिर्सेका छौं र आगतको पनि ख्याल गरेका छैनौं। हामीले हाम्रो संस्कृतिलाई मोबाइलमा हेर्दैनौं, संस्कार खोज्दैनौं र आफ्नोपनको खोजी गरिरहेका छैनौं।

धेरै मानिस सामग्री अपलोड पनि गरिरहेका छन् तर आफ्नोपनको अभाव भएको वा अत्यन्त धेरै चलनचल्तीमा रहेको सामग्री अपलोड गर्दा त्यसले हाम्रो संस्कार, संस्कृति तथा अन्य पक्षलाई कति प्रभावित पार्दछ भन्ने विषयमा विचार नै गरेका हुँदैनौं। हाम्रो संस्कृतिको क्षेत्र, आजको दिन कुन कारणले महत्त्वपूर्ण छ भन्ने विषयमा विचार नगरी सामग्री पोस्ट गरिरहँदा त्यसबाट समाजमा त्यस्तै सामग्री पोस्ट गर्ने सन्देश जान्छ भन्ने कुरातिर पनि विचार गर्नु उचित हुन्छ। हामीले जस्तो सामग्री सामाजिक सञ्जालमा पोस्ट गर्ने हो, त्यस्तै सामग्री अरूलाई पनि पोस्ट गर्न मन लाग्छ। हामीले जस्तो सामग्री बढी मन पराउँछौं, समाजले त्यस्तै सामग्री मन पराउने हो भन्ने कुरो पनि बुझ्नु जरुरी छ। यदि समाज, संस्कृति तथा समाजभन्दा अलिक फरक रहेर निरन्तर हामीले सामाजिक सञ्जालमा सामग्री पोस्ट गरिरहेका छौं भने अरूले पनि त्यस्तै पोस्ट गर्दछन्।

सामाजिक सञ्जालमा पोस्ट गर्ने सामग्रीहरूमा असल भनाइ पनि हुन्छन्, जीवनका रहस्य हुन्छन्, विभिन्न विशिष्ट व्यक्तित्वबारे पनि जानकारी हुन्छ।

**स्वतन्त्र विचार**

सञ्जय साह मित्र

mitrasanjay41@gmail.com

**जब लोक-व्यवहार रीतिमा परिणत भएर परिपक्व बन्दछ, त्यो नै कालान्तरमा संस्कृति बन्न पुग्दछ, परम्पराको निर्माण हुन्छ। हाम्रो संस्कृतिमा विद्यमान असङ्गतिलाई पनि यसरी हटाएर सुधार गर्न सक्दछौं। मातापितालाई सम्मान गर्ने संस्कृतिलाई अझ बिस्तार गर्न सक्दछौं।**

कतिपय मानिसले दुनियाँदारीको सामग्रीभन्दा बढी धार्मिक विचार पोस्ट गरिरहेका हुन्छन्। हुनत सामाजिक सञ्जालमा नै पोस्ट गरिएका सामग्रीका आधारमा कसैको प्रवृत्ति केलाउन सकिँदैन तर एउटा आधार भने अवश्य दिन्छ। तर पनि सामाजिक सञ्जालमा सामग्री पोस्ट गर्नु एउटा काम हो र जीवन व्यवहार अर्को काम हो। यस्ता धेरै मानिस छन् जसले सामाजिक सञ्जालमा मातापिताप्रति खुब सम्मान दर्शाउँछन् यथार्थमा भने फरक प्रवृत्तिका हुन्छन्।

आजभोलि विभिन्न विचारधारा तथा पन्थ मान्ने प्रवृत्ति बढेको छ। इन्टरनेटको विकासले गर्दा कुनै सामग्री बढी मन पर्न थालेपछि वा कुनै संस्थाले अपलोड गर्ने गरेको सामग्रीलाई लाइक, कमेन्ट र भ्यु गर्न थालेपछि त्यस संस्थाले व्यक्तिसित सम्पर्क गर्न थाल्दछ अनेक किसिमले। यसरी सम्पर्कमा जाँदा सम्बन्धित संस्थाले आफ्नो उद्देश्यप्रति आकर्षित गराउने कुराहरू बढी दिन थाल्दछ। शुरुशुरुमा मन नजीकका सामग्री दिन्छन् र बिस्तारै मनलाई आफूपायक मोड्न वा आफ्नो बनाउन अनेक उपाय गर्न थाल्छन्। आफ्नो संस्थाको उद्देश्य नबताई बिस्तारै संस्थाको उद्देश्यमा हिंडाउन वा अन्य सहायक संस्थाको नजीक ल्याउन चाहन्छन्। कतिपय मानिस सफल हुन्छन् पनि। तिनको पन्थ वा विचारधाराप्रति सहमत भएपछि आफ्नो सबै कुरा बिस्तारै नकारात्मक दृष्टिकोणले हेर्न थाल्छन्। नकारात्मकताको दृष्टिकोणले आफ्नो संस्कृतिलाई हेर्न थाल्छन्।

कतिपय यस्ता मानिस छन् जो मातापिता वा पितापुर्खालाई नै नकारात्मक देख्न थाल्छन्। पहिलेदेखि मानिआएको धेरै आस्था र विश्वासलाई नकारात्मकरूपमा थाल्छन्। अविश्वास गर्न थाल्छन्। र, बिस्तारै मातापिताको विचारमा खोट देख्न थाल्छन्। यसरी देख्नेले जुन धर्म अँगाले पनि, जुन पन्थको विचारलाई स्वीकार गरे पनि, जुन विचारधाराको अनुयायी बने पनि, यदि तिनका अग्रज वा ग्रन्थ वा विचारको मूल दर्शनमा मातापितालाई गलत भन्ने वा मातापिताको सम्मान नगर्ने कुरा कतिको जायज छ भनेर सोध्ने हो भने तिनीहरूले पनि अस्वीकार गर्छन्। मातापिताको सम्मान गर्न नहुने कतै भनिएको बताउँदैनन्। सबैतिर मातापिता र पुर्खाको सम्मान गर्नुपर्ने नै बताइएको स्वीकार गर्दछन्। मातापिताको वचन स्वीकार गर्ने तथा मातापिता र पुर्खाको सम्मान गर्नुपर्ने सबैतिर बताइरहँदा मातापिताको धर्म, दर्शन तथा संस्कृति कसरी गलत हुन सक्छ? यस दृष्टिकोणले मातापिता कसरी गलत हुन सक्छन्? मातापितालाई नै गलत मान्ने मानिस असल हुन सक्छ? तिनको विचार, पन्थलाई कसरी विचारवान् वा सार्थक मान्न सकिन्छ?

मातापिताको सम्मान नगर्ने तर सन्तानसँग सम्मान खोज्ने चाहना बेइमानी हो। आफू एकोहोरो सुविधाभोगी बन्न खोजेको उदाहरण हो। लोभी बन्नु हो, पापी हुनु हो। लोभी र पापीको दर्शन भन्नु केवल स्वहित हुन्छ। यसलाई स्वार्थ भनिन्छ। स्वार्थी त आफू पनि बिग्रन्छ र अरूलाई पनि बिगार्न खोज्छ। स्वार्थको पछाडि आफ्नो धर्म र संस्कृतिलाई केही मान्दैन, बुझ्दैन। सम्मानको संस्कृति के हो भन्ने कुरो पनि थाहा हुँदैन वा थाहा भएर पनि मन पर्दैन। मातापिताको सम्मान र संस्कृतिको सम्मान पाखण्ड लाग्न थाल्छ र आफूलाई वैज्ञानिक दृष्टिकोणको होइन, अरूको अनुयायी देखाउन पाउँदा गर्वको अनुभूति गर्छ।

कतिपय यस्ता मानिसले मातापिताको सम्मानलाई आडम्बर बनाएको पनि पाइएको छ। आडम्बरमा आफूलाई ठूलो ठान्ने तथा मातापितालाई मन पर्ने धार्मिक सांस्कृतिक दिन तथा पर्वहरूमा बेवास्ता गर्ने तर आफ्नो पन्थ, विचार वा कथित धार्मिक भनिएका अगुवाको यस्ता विशेष अवसरलाई अत्यधिक महत्त्व दिने गर्छन्। यसरी आफूलाई कहाँ लगिएको हो र आफ्नो यस्तो किसिमको व्यवहारले कस्तो समाजको निर्माण हुन्छ भन्ने विषयमा अलिकति पनि नसोची सोझै कुनै कारणले अन्यत्र जानेहरू पनि हाम्रो समाजमा बढ्दै गएको पाइन्छ। बिस्तारै आफूलाई साथ दिनेहरूको खोजी तिनीहरूले नै गरिरहेका हुन्छन्। अन्तरहृदयदेखि होइन, अन्य केही कारणले केही मानिस बिरानो बाटोमा लाग्छन् र बिस्तारै आफूलाई त्यसैमा अभ्यस्त बनाउन थाल्छन्।

नयाँ विचार मान्नैहुँदैन भन्ने होइन। नयाँ विचार तथा दर्शन पनि मान्नुपर्छ तर आफूमा कुनै त्रुटि छ भने पहिले त्यसलाई हटाउनु राम्रो हुन्छ। त्रुटि नहटाई फलानो धेरै राम्रो छ भनेर सोझै आकर्षित हुनेले आकर्षित हुनुभन्दा पहिले तिनका पनि केही कमजोरी छन् कि भनेर सोधखोज गर्नु उचित हुन्छ। किन आकर्षक लागेको हो भन्ने कुरा पनि बुझ्नुपर्छ। गुलाफको फूल टाढाबाट निकै आकर्षक लाग्छ र लोभिएर जसले फूल टिप्न खोज्छ अनि उसलाई त्यसमा काँडा पनि छ भन्ने जानकारी हुन्छ। काँडाले घोचेपछि गुलाफको आकर्षणले दुःख पाएको बुझ्छ। अनि फूलको सुन्दरता र काँडाको घोचाइ कुन ठीक भनी निर्णय गर्न अठ्यारो हुन्छ। कतिपयले पछुतो पनि गरेको पाइन्छ तर पछुतोले गर्दा फेरि फूललाई बोटमा पुऱ्याउन सक्दैन।

संस्कृति त्यसै निर्माण हुँदैन। संस्कृति निर्माणमा निकै समय लागेको हुन्छ। सम्मानको संस्कृति पनि यही हो। अझ मातापिताको सम्मानको संस्कृतिले व्यक्ति सभ्य भएको बताउँछ। मातापिताको सम्मान नगर्ने जुनसुकै दर्शन वा विचार वा धर्म वा संस्कृतिलाई राम्रो मान्न सकिन्न। नयाँ कुरा स्वीकार गरेको भन्दैमा मातापितालाई चिन्दै नचिन्ने हुँदैन, मातापितालाई मन नपर्ने काम र कुरो गर्नुपर्छ भन्ने होइन, मातापिताको सम्मानमा ठेस पुऱ्याउनुपर्छ भन्ने हुँदैन। जसले जन्म दियो, जसले दुनियाँ देखायो, ऊ गलत हुन सक्दैन। र, बुझ्नेले पनि यस्ता सकारात्मक विचारलाई प्रचार प्रसार गर्नुपर्छ। संस्कृतिमा पनि विकृति छ भने त्यसलाई हटाउन पहल गर्नुपर्छ। संस्कृतिलाई आधुनिक युग अनुकूल बनाउनुपर्छ, त्यसप्रति गर्व गर्ने वातावरण निर्माण हुनुपर्छ। जब लोक-व्यवहार रीतिमा परिणत भएर परिपक्व बन्दछ, त्यो नै कालान्तरमा संस्कृति बन्न पुग्दछ, परम्पराको निर्माण हुन्छ। हाम्रो संस्कृतिमा विद्यमान असङ्गतिलाई पनि यसरी हटाएर सुधार गर्न सक्दछौं। मातापितालाई सम्मान गर्ने संस्कृतिलाई अझ बिस्तार गर्न सक्दछौं। संस्कृतिको मर्म दशौं दिशामा फिंजाउन सक्छौं।

# नारायणगढ-मुग्लिन सडकखण्डका तीन पुल यसै महीना सञ्चालनमा आउने

चितवन, १७ जेठ/रासस

नारायणगढ-मुग्लिन सडकखण्डमा निर्माणाधीन तीन नयाँ पुल यसै महीनादेखि सञ्चालनमा आउने भएका छन्। सो [redacted] भएको छैन। मुआब्जा वितरण गरेर खहरे खोलाको पुलको काम शुरू भएको छ। कार्कीका अनुसार तुइन खोलाको पुलबाहेक अन्य पुल कात्तिक मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य लिइएको छ।



तस्वीरः एजेन्सी

तुइन खोलाको पुल निर्माण गर्ने ठाउँको ढिस्को विस्फोट गर्ने प्रक्रियामा रहेको छ। यो पुलको भने टुङ्गो लाग्न सकेको छैन। कार्कीका अनुसार पुल निर्माणका लागि अनेक कन्स्ट्रक्शनलाई थप गरेको एक वर्षको समय यही २०८० पुस मसान्तमा सकिँदै छ। विसं २०७६ चैतमा रु एक अर्ब २७ करोडको लागतमा पुल निर्माणको ठेक्का सम्झौता भएको थियो। तीन वर्षका लागि दुई प्याकेज बनाएर ठेक्का लगाइएकोमा दुबै प्याकेज अनेक कन्स्ट्रक्शनले पाएको थियो।

नक्शाङ्कनसहित पुल निर्माणका लागि ठेक्का लगाइएको हो। निर्धारित समयमा काम नसकिएपछि एक वर्ष समय थप गरिएको थियो। विश्व बैंकको सहयोगमा पुल निर्माण गरिएको हो। पुलको गाडी गुड्ने ठाउँ ७.५ मिटर फराकिलो छ। दायाँबायाँ फुटपाथसहित गरेर नौदेखि ११ मिटर पुल फराकिलो रहेको छ।

केही पुल भौगोलिक कारणले नौ मिटरमात्र फराकिलो बनाइएको छ भने धेरै पुल ११ मिटरका छन्। पुल निर्माण गरिने ठाउँमा २६ टहरा छन्। ती टहरालाई मुआब्जा दिएर व्यवस्थापन गर्ने काम भइरहेको छ। सबै घरटहरा व्यवस्थापन गर्दा रु ९७ लाख भुक्तानी गर्नुपर्ने हुन्छ। हालसम्म १६ घरटहराको मुआब्जा दिएर हटाइसकिएको छ।

सो सडकखण्डका चार पुल यस अघि नै निर्माण गरी सञ्चालनमा आएका छन्। सडकखण्ड विस्तार गरेसँगै पुराना पुल भएका ठाउँमा नयाँ पुल निर्माण शुरू गरिएको हो। यसै सडक हुँदै दैनिक १० हजार हाराहारी सवारी आवागमन हुने गर्छन्।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यस[redacted]न गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोन: ९८४५११९४४८

# नागरिकता विधेयक प्रमाणीकरण स्वागतयोग्य -सङ्घर्ष समिति

जनकपुरधाम, जेठ १७/रासस

नागरिकताविहीन सङ्घर्ष समिति, नेपालले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ राष्ट्रपतिबाट प्रमाणीकरण भएकामा खुशी व्यक्त गर्दै छिट्टै कार्यान्वयन हुनेमा विश्वास व्यक्त गरेको छ ।

सङ्घर्ष समितिका अध्यक्ष इन्द्रजीत साफीले विगत १६/१७ वर्षदेखि लाखौं नागरिकताविहीनको अथक सङ्घर्षको प्रतिफलस्वरूप आज राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएको भन्दै सरकार, राष्ट्रपति र सहयोग गर्ने सबैलाई धन्यवादसमेत दिए ।

"डेढ दशकयता देशका करीब १४ लाख युवा नागरिकता नहुँदा सम्पूर्ण अधिकारबाट वञ्चित हुनुपरेको थियो । त्यसको भुक्तभोगी म आफैं पनि हो । २५ जिल्लाका १० हजारभन्दा बढी नागरिकताविहीन अधिकारका लागि आन्दोलन गरिरहेका थियौं," साफीले भने । उनले हजारौं साथीको ऐक्यबद्धता, सङ्घर्ष र दबाब तथा लाखौं शुभचिन्तकको सद्भावका कारण उद्देश्य पूरा भएको बताए । "यो क्षणमा खुशी व्यक्त गर्ने कुनै शब्द छैन । म सरकार र राष्ट्रपतिलाई धन्यवाद र अरूप्रति आभार व्यक्त गर्छु," उनले भने ।


धनुषाको गणेशमान चारनाथ नगरपालिका–३ भरतपुरका २९ वर्षीय इन्द्रजीत आफ्नो बुबासँग जन्मसिद्ध र आमासँग वंशजको नागरिकता भएपनि नागरिकताविहीन छन् ।

"आमा र बुबा नेपालको नागरिक हुँदा पनि करीब १४ लाख सन्तान नागरिकताविहीन छन् । नागरिकताविना केही गर्न नसकिने रहेछ, पढ्न, जागीर खान, विदेश जान र अरू सरकारी सुविधा लिनबाट वञ्चित हुनुपर्ने मात्रै होइन ती लाखौं युवाको ऊर्जा त्यत्तिकै खेर गइरहेको अवस्था छ । अब त्यो अवस्था अन्त्य हुने हामीले अपेक्षा गरेका छौं," साफीले भने ।

नागरिकताविहीन युवा अनुराज झाले राष्ट्रपतिबाट विधेयक प्रमाणीकरण भएपछि वर्षौंदेखिको सपना साकार हुन लागेको भन्दै खुशी व्यक्त गरे । "हामी चार पुस्तादेखि नेपालमैं छौं । मेरो बुबाले जन्मसिद्ध नागरिकता र आमाले वंशजको नागरिकता लिनुभएको छ । आमाको नामबाट नागरिकता बन्दैन, बुबा जन्मसिद्ध नागरिक भएकाले सरकारले नागरिकता दिन मिल्दैन भन्छ," झाले भने, "वर्षौंदेखि थन्किएर रहेको नागरिकता विधेयक प्रमाणीकरण भएपछि अब भने चाँडै नागरिकता पाउने आशा जागेको छ । प्रशासनले तत्काल प्रक्रिया अगाडि बढाउनेमा हामी आशावादी छौं ।"

विसं २०४६ अघि जन्मेका अधिकांश नेपाली नागरिकलाई २०६३ सालमा जन्मका आधारमा नागरिकता दिइए पनि तिनका सन्तानले भने नेपालको संविधान अनुसार ऐन नबन्दा अझै नागरिकता पाउन सकेका छैनन् ।

विसं २०७२ मा जारी भएको नेपालको संविधानको धारा ११ (३)ले जन्मको आधारमा नेपाली नागरिकता प्राप्त गरेका सन्तानले बालिग भएपछि वंशजको नागरिकता पाउने भनी स्पष्ट व्यवस्था गरे पनि राजनीतिक सहमति नहुँदा वर्षौंदेखि ऐन बन्न सकेको थिएन । त्यसविरुद्ध नागरिकताविहीनले शुरूदेखि नै आवाज उठाइरहे पनि विसं २०७८ मा नागरिकताविहीन सङ्घर्ष समिति नेपाल गठन गरेर सङ्गठित आन्दोलन भइरहेको थियो ।



राष्ट्रपतिको कार्यालय

राष्ट्रपति भवन,
महाराजगञ्ज, काठमाडौं, नेपाल ।

विज्ञप्ति

सम्माननीय राष्ट्रपति श्री रामचन्द्र पौडेलज्यूले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गर्नुभएको छ । उक्त विधेयक प्रमाणीकरण गर्ने क्रममा सम्माननीय राष्ट्रपतिज्यूले "मिति २०७९।०४।१५ मा प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ संघीय संसदको दुवै सदनबाट पारित भई प्रतिनिधि सभाका तत्कालीन सभामुखज्यूबाट मिति २०७९।०४।१५ मा प्रमाणित गरी तत्कालीन राष्ट्रपतिज्यूसमक्ष प्रमाणीकरणका लागि पेश भएकोमा केही विषयहरूमा ध्यानाकर्षण सहित पुनर्विचारका लागि संघीय संसदमा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयहरूमा संघीय संसदका दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः २०७९/०५/२० गते राष्ट्रपतिज्यूसमक्ष पठाइएकोमा हालसम्म उक्त विधेयक ऐन बन्नको लागि प्रमाणीकरण नभएकोले विभिन्न अवस्था र स्थिति समेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको मिति २०८०।०२।१२ को निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मिति २०८०।०२।१२ मा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको म.बै. ३२१/६९७४ को पत्रबाट लेखी आएकोमा नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवम् सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त समेत बमोजिम विधेयक प्रमाणीकरण गरेको छु ।" भन्ने व्यहोरा उल्लेख गर्नु भएको छ ।

२०८० साल जेठ १७ गते बुधवार ।

०८०।२।१७
(शैलजा रेग्मी भट्टराई)
प्रवक्ता

"नागरिकता छैन । सक्षम भएर पनि केही गर्न पाउँदैनौं । संविधान अनुसार नागरिकता ऐन अद्यावधिक नगरी लाखौं नागरिकको जीवनसँग खेलबाड भएको छ । त्यसैका विरुद्ध हामीले राजनीतिक दलका प्रमुख नेतादेखि सरकारका मन्त्री, प्रधानमन्त्री, बहालवाला र पूर्वराष्ट्रपतिलाई पनि ध्यानाकर्षण गराइरहेका थियौं," सङ्घर्ष समितिका अध्यक्ष साफीले भने, "वर्षौंदेखि राज्यविहीन हुनुको हाम्रो पीडा आज सरकार र राष्ट्रपतिले सुन्नुभएको छ । अब अक्षरशः कार्यान्वयनको पखाईमा छौं ।"

राष्ट्रपति रामचन्द्र पौडेलले आज मात्रै नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक २०७९ प्रमाणीकरण गरेका थिए । सो विधेयक यसअघि विसं २०७९ साउन १५ गरे सङ्घीय संसद्का दुवै सदनबाट पारित भई तत्कालीन सभामुख अग्निप्रसाद सापकोटाले सोही मितिमा प्रमाणित गरी तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीसमक्ष प्रमाणीकरणका लागि पेश गरेका थिए ।

तत्कालीन राष्ट्रपति भण्डारीले भने केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा सङ्घीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः २०७९ भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइए पनि हालसम्म प्रमाणीकरण भएको थिएन । सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकले विसं २०८० जेठ १२ गते वर्तमान राष्ट्रपति पौडेललाई औपचारिकरूपमा आग्रह गरेका थिए ।

**'नागरिकता विधेयक प्रमाणीकरणले संसद्को सर्वोच्चता कायम भयो'**

राष्ट्रपति रामचन्द्र पौडेलद्वारा नागरिकता विधेयक प्रमाणीकरण भएपछि सबैभन्दा बढी लाभान्वित हुने मधेस प्रदेशका शीर्ष नेताले संसदीय लोकतन्त्रको मान्यता र संविधान अनुसार संसद्को सर्वोच्चता कायम भएको प्रतिक्रिया दिएका छन् ।

नेपाली काङ्ग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले विधेयक प्रमाणीकरणको स्वागत गर्दै बुबा र आमा दुवैजना नेपाली नागरिक भएर पनि सन्तानले वर्षौंदेखि नागरिकता नपाएको समस्या समाधान भएको बताए । उनले संसद्ले बनाएको कानून प्रमाणीकरण नहुँदा अड्किरहेको अवस्थामा राष्ट्रपतिले प्रमाणीकरण गरेर ऐतिहासिक काम र संसदीय सर्वोच्चताको रक्षा गरेको बताए ।

"संसद्बाट दुई/दुई पटक पारित भएको विधेयक प्रमाणीकरण गर्नैपर्ने काम थियो तर अहिलेसम्म अड्काएर राखियो । राष्ट्रपतिले मन्त्रिपरिषद्को निर्णय अनुसार संविधानसम्मत काम गरेका छन् । यो खुशीको विषय हो । हामी खुशियाली मनाउँछौं," उनले भने ।

त्यसैगरी, जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष उपेन्द्र यादवले कुनै पनि नागरिक नागरिकताविहीन हुनुहुँदैन भन्ने संविधानको भावना र प्रावधानलाई राष्ट्रपतिले रक्षा गरेको प्रतिक्रिया दिए । उनले नागरिकताविहीन जनता र आफ्नो पार्टीले वर्षौंदेखि उठाइरहेको आवाज सम्बोधन गरेकामा राष्ट्रपतिलाई विशेष धन्यवाद दिए ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) अध्यक्ष महन्त ठाकुरले संविधानले दिएको अधिकार कानूनको अभावमा वर्षौंदेखि कुण्ठित रहेकामा राष्ट्रपतिले त्यसको सुनुवाइ गरेको बताए ।

"संविधानले नागरिकता दिने भने पनि कानूनको अभावमा वर्षौंदेखि लाखौं नागरिकले नागरिकता पाउन सकेनन् । जसका कारण नागरिकताविहीनहरूले अध्ययन, रोजगार, उद्यमशीलता, सम्पत्ति आर्जनलगायत हरेक क्षेत्रमा अवरोध सामना गर्नुपर्‍यो," अध्यक्ष ठाकुरले भने, "हाम्रो पार्टीले पनि नागरिकता समस्या समाधानका लागि विगतदेखि नै दबाब दिंदै आएको थियो । ढिलो गरी भएपनि यो प्रमाणीकरण भएको छ । यसलाई राजनीतिक विषय नबनाएर सबैले स्वागत गर्नुपर्छ ।"



**बोतलको घर:** घोराही उपमहानगरपालिका–१६ करौती डाँडास्थित स्थानीयवासीले खाली बोतलको प्रयोग गरेर बनाएको बोतलको घर । तस्वीर: रासस

# राष्ट्रपतिबाट नागरिकता विधेयक प्रमाणीकरण

काठमाडौं, १७ जेठ/रासस

राष्ट्रपति रामचन्द्र पौडेलले नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको विधेयक प्रमाणीकरण गरेका छन् ।

राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ६१ को उपधारा (२) (३) (४) र धारा ६६ एवं सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तसमेत बमोजिम विधेयक प्रमाणीकरण गरेको प्रवक्ता शैलजा रेग्मी भट्टराईद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

हालसम्म उक्त विधेयक ऐन बन्नका लागि प्रमाणीकरण नभएकोले विभिन्न अवस्था र स्थितिसमेत उल्लेख गरी सोही विधेयक प्रमाणीकरणका लागि भनी नेपाल सरकार, मन्त्रिपरिषद् बैठकको यही जेठ १२ गतेको निर्णयले उक्त विधेयक प्रमाणीकरण गर्न मन्त्रिपरिषद्को कार्यालयको पत्रबाट लेखी आएको राष्ट्रपतिको कार्यालयले जनाएको छ ।

२०७९ साउन १५ गते प्रस्तुत नेपाल नागरिकता ऐन, २०६३ लाई संशोधन गर्न बनेको नेपाल नागरिकता (पहिलो संशोधन) विधेयक, २०७९ सङ्घीय संसद्को दुवै सदनबाट पारित भएको थियो ।



तस्वीर: फाइल

प्रतिनिधिसभाका तत्कालीन सभामुखबाट साउन १५ गते प्रमाणित गरी तत्कालीन राष्ट्रपति समक्ष प्रमाणीकरणका लागि पेश भएको थियो । केही विषयमा ध्यानाकर्षणसहित पुनर्विचारका लागि सङ्घीय संसद्मा फिर्ता पठाइएकोमा ध्यानाकर्षण गराइएका विषयमा सङ्घीय संसद्का दुवै सदनमा छलफल गरी प्रमाणीकरणका लागि पुनः भदौ २० गते राष्ट्रपतिसमक्ष पठाइएको थियो ।

# बाग्मती सुधारका लागि २० वर्षे गुरुयोजना बनाइँदै

काठमाडौं, १७ जेठ/रासस

बाग्मती नदी र त्यसका सहायक नदीमा करिडर निर्माण तथा नदी सफा बनाउने उद्देश्यले २० वर्षीय गुरुयोजना बनाइने भएको छ ।



सन् २०४३ सम्म बाग्मतीलाई सफा बनाएर त्यसको दुवैतर्फ करिडर सडक निर्माणको योजना बनाइएको अधिकार सम्पन्न बाग्मती सभ्यता एकीकृत विकास समितिले जनाएको छ । गुरुयोजनाका लागि खाका (ड्राफ्ट) बनेको र त्यसलाई अन्तिम रूप दिनका लागि विभिन्न सारेकारवाला निकायसँग छलफल भइरहेको समितिका इन्जिनीयर कमल अर्यालले बताए । यस वर्ष अन्तिम रूप दिइने गरी तयारी अघि बढाइएको उनको भनाइ छ ।

उनले भने–"अबको २० वर्षमा बाग्मतीमा बाँकी रहेका सबै काम सम्पन्न हुने अपेक्षा गरिएको छ ।" गुरुयोजना अनुसार बाग्मतीको पानी सफा गर्ने, दुवैतर्फ ढल, करिडर निर्माण गर्ने, यसका सहायक र उपसहायक नदी सफा गरिनेलगायत विषय समेटिएका समितिले जनाएको छ ।

ठोस फोहरमात्र नभई तरल फोहर पनि व्यवस्थापन गर्न जरुरी रहेकोले तरल फोहर व्यवस्थापनका क्षेत्रमा पनि काम गरिने समितिका इन्जिनीयर अर्यालले बताए । उनका अनुसार तरल फोहर व्यवस्थापनका लागि ढल निर्माण गर्नुपर्ने भएकोले नदी किनारामा ढलको लाइन बिच्छाइने छ । "ढलको लाइन प्रशोधन केन्द्रमा लगेर प्रशोधन गरेपछि सफा भएको पानी मात्रै खसाल्ने योजना छ"– अर्यालले भने । उनले यो काम कतिपय नदीमा भइरहेकोले बाँकी नदीमा पनि अघि बढाइने बताए ।

समितिले अहिले उपत्यकाका ११ खोलामा तरल फोहर व्यवस्थापनको काम गरिरहेको छ । बाग्मतीसँग जोडिने सहायक खोला तथा सहायक खोलासँग जोडिएका उपसहायक खोलामा काम भइरहेको इन्जिनीयर अर्यालले बताए । उनका अनुसार ती सबै खोला बाग्मतीमा मिसिने हुँदा सबैमा काम गरिएको हो । उपत्यकामा विष्णुमती, मनोहरा, धोबीखोला, टुकुचा, बल्खु, मच्छे खोला, महादेव खोला र मनोमती खोला, नख्खु, कर्मनाशा, हनुमन्ते खोला छन् ।

ती सबै खोला तथा सहायक खोला सफा बनाउन दुवैतर्फ ढलको लाइन बिच्छाउने इन्जिनीयर अर्यालले बताए । करिडर बनाउने, तटबन्ध निर्माण गर्ने, बाँध बनाउने, नदी किनारामा रहेका मठमन्दिरको पुनर्निर्माण पनि गरिने उनको भनाइ थियो ।

बाग्मतीमा मिसिने खोलाहरूमा फोहर पानी प्रशोधनको काम हुन बाँकी रहेको इन्जिनीयर अर्यालले बताए । "विष्णुमतीमा ढलको लाइन बिच्छाइएको भए पनि विष्णुमती र बाग्मती मिसिएको ठाउँमा पाँच सय मिटरमाथि जाँदा दाहिनेतर्फ मनोमती खोलाबाट ढल आइरहेको छ"–उनले भने । १३ किमी लामो उक्त खोलामा दुवैतर्फ १३/१३ गरी २६ किमी ढलको लाइन नजोड्दासम्म खोला सफा नहुने इन्जिनीयर अर्यालले बताए । उनले भने–"मनोमतीसँग जोडिने ससाना खोल्साहरू जसमा तल ढल बग्छ र माथि गाडी गुड्छ, त्यसलाई पनि व्यवस्थित नगर्दासम्म बाग्मती सफा हुँदैन ।"

सरकारले विसं २०६६ मा पाँच वर्षको बाग्मती कार्ययोजना बनाएको थियो । अहिले सोही कार्ययोजनालाई परिमार्जित गरेर २० वर्षे गुरुयोजना बनाउन लागिएको समितिले जनाएको छ ।

# नेप्सेमा ३८ दशमलव ८३ अङ्कको गिरावट

काठमाडौं, १७ जेठ/रासस

नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा ३८.८३ अङ्कको गिरावट देखिएको छ ।

आज नेप्से परिसूचक दुई दशमलव ०६ प्रतिशतले घटेर एक हजार आठ सय ४९.७९ अङ्कमा कायम भएको हो ।

आगामी आर्थिक वर्षको बजेट सार्वजनिक भएपछि लगातार दोस्रो दिन बुधवार पनि नेप्सेमा उच्च अङ्कको गिरावट देखिएको हो ।

आज दुई सय ६२ वटा कम्पनीको ८७ लाख ३६ हजार एक सय २८ कित्ता शेयर ३६ हजार आठ सय ९३ पटक खरिदबिक्री हुँदा रु दुई अर्ब ३१ करोड ५१ लाख ६९ हजार पाँच सय ७१ बराबरको कारोबार भएको छ ।

नेप्सेका सबै सूचकहरू रातो देखिएका छन् । सेन्सेटिभ सूचक सात दशमलव २८, फ्लोट सूचक दुई दशमलव ५९ र सेन्सेटिभ फ्लोट सूचक दुई दशमलव २० अङ्कले घटेको छ । सबै समूहका उपसूचक पनि घटेका छन् । सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचक दुई सय २८ दशमलव ८२ र निर्जीवन बीमा समूहको उपसूचक दुई सय २२ दशमलव ३४ अङ्कले घटेको छ ।

बैंकिङ समूह १८ दशमलव ६७, विकास बैंक समूह ७० दशमलव १७, वित्त समूह ३४, होटल तथा पर्यटन समूह एक सय २५.७१ र जलविद्युत समूह ६१.८० अङ्कले घटेको छ ।

त्यसैगरी, लगानी समूह एक दशमलव ४८, उत्पादन तथा प्रशोधन एक सय ७२ दशमलव ९६, लघुवित्त ६३.०२, म्युचुअल फन्ड शून्य दशमलव ०६, व्यापार ३५.७३ र अन्य समूह २०.२० अङ्कले घटेको छ ।

आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ भने युनिलिभर नेपाल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ ।

कारोवार रकम र शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै प्रभु बैंक लिमिटेड प्रमोटर शेयर रु ३४ करोड २८ लाख १६ हजार एक सय २९ बराबरको २७ लाख ८७ हजार एक सय २३ कित्ता शेयर किनबेच भएको छ ।

# सुर्तीजन्य पदार्थरहित दिवस

काठमाडौं, १७ जेठ/रासस

'खाद्यान्न चाहिन्छ, सुर्तीजन्य पदार्थ होइन' भन्ने नाराका साथ विभिन्न कार्यक्रम आयोजना गरी आज सुर्तीजन्य पदार्थरहित दिवस मनाइँदै छ। यसै अवसरमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्री मोहनबहादुर बस्नेतले भिडियो सन्देश जारी गर्दै सुर्तीजन्य पदार्थको सेवन त्यागी स्वस्थ जीवनयापन गर्न सबैमा अनुरोध गरेका छन्। सुर्तीजन्य पदार्थको सेवनले क्यान्सर, मुटुरोग, श्वासप्रश्वाससम्बन्धी दीर्घरोग र मधुमेहजस्ता नसर्ने रोग निम्त्याउने उनले बताए।

उनले धूमपान गर्दा आफ्नो स्वास्थ्य मात्र नभई नजीकमा रहेका अन्य व्यक्तिको स्वास्थ्यमा पनि उत्तिकै असर पुग्ने सन्देशमा उल्लेख गरिएको छ। उनले सुर्तीजन्य पदार्थको असरलाई न्यूनीकरण गर्न नेपालमा सुर्तीजन्य पदार्थ नियन्त्रण तथा नियमनसम्बन्धी ऐन, कानून पारित भई लागू भइसकेको जानकारी गराए।

मन्त्री बस्नेतले नेपालले सुर्तीजन्य पदार्थको भागमा ९० प्रतिशत चेतावनीमूलक सन्देश अनिवार्य व्यवस्था गरेको उल्लेख गर्दै सार्वजनिकस्थलमा धूमपान निषेध र सुर्तीजन्य पदार्थको विज्ञापन प्रवर्द्धन पनि निषेध गरिएको बताए। उनले भने, "सुर्तीजन्य पदार्थको नयाँ सेवनकर्ताको दरमा कमी ल्याउन र अम्मलीको लत छुटाउन विभिन्न लक्षित कार्यक्रम सञ्चालन भइरहेको छ।"




विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ)का अनुसार विश्वमा हरेक वर्ष सुर्तीजन्य पदार्थ सेवनका कारण विश्वभर ८० लाख मानिसको मृत्यु हुने गरेको छ। तीमध्ये ७० लाखभन्दा बढीको मृत्यु प्रत्यक्ष सुर्तीजन्य पदार्थको प्रयोगका कारण हुने गरेको छ भने धूमपान नगर्ने तर अन्य व्यक्तिले गरेको धूमपानबाट उत्पन्न धूवाँका कारण करीब १२ लाखभन्दा बढीको मृत्यु हुने गरेको छ।

स्वास्थ्य मन्त्रालयका अनुसार नेपालमा हरेक वर्ष २७ हजारभन्दा बढी मानिसको मृत्यु सुर्तीजन्य पदार्थको सेवनका कारण हुने गरेको छ। अभिभावकले धूमपान तथा सुर्तीजन्य पदार्थ सेवन गर्दा बालबालिका र परिवारका अन्य सदस्यमा श्वासप्रश्वाससम्बन्धी समस्या, मुटुरोग, क्यान्सरलगायतका स्वास्थ्य जोखिम बढाउँछ।

नेपाल स्वास्थ्य अनुसन्धान परिषद्ले हालै गरेको सर्वेक्षणमा नेपालमा २८ दशमलव नौ प्रतिशत मानिसले सुर्तीजन्य पदार्थ प्रयोग गर्ने पाइएको छ। तीमध्ये ४८ दशमलव तीन प्रतिशत पुरुष र ११ दशमलव छ प्रतिशत महिलाले सुर्तीजन्य पदार्थ प्रयोग गर्छन्।

विश्व स्वास्थ्य सङ्गठनका अनुसार सन् २०२२ को तथ्याङ्क अनुसार विश्वमा २२ दशमलव तीन प्रतिशत मानिस सुर्तीजन्य पदार्थ प्रयोग गर्छन्। सुर्तीजन्य पदार्थको प्रयोग महिलाभन्दा पुरुषमा बढी हुने गरेको छ। महिलामा सात दशमलव आठ प्रतिशत र पुरुषमा ३६ दशमलव सात प्रतिशत रहेको छ। मन्त्रालयले जारी गरेको सूचनामा दिगो विकास लक्ष्य प्राप्त गर्न नेपालको प्रतिबद्धता जनाएअनुरूप सुर्तीजन्य पदार्थ रोकथामको महासन्धि कार्यान्वयनलाई तीव्रता दिन आवश्यक रहेको छ। नसर्ने रोगको रोकथाम र नियन्त्रणका लागि राष्ट्रिय बहुक्षेत्रीय कार्ययोजना (२०२१-२०२५)ले नेपालमा सन् २०२५ सम्ममा १५ वर्षमाथिका मानिसमा व्याप्त रहेको सुर्तीजन्य पदार्थको प्रयोगमा ३० प्रतिशत सापेक्षिक कमी ल्याउन आह्वान गरेको छ।

कसैले पनि शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहर केन्द्र, वृद्धाश्रम, अनाथालयको कम्तीमा एक सय मिटरभित्रको घर, पसलबाट सुर्तीजन्य पदार्थ बिक्री वितरण गर्न/गराउन नपाइने व्यवस्था कानूनमा रहेको छ। त्यसैगरी, सुर्तीजन्य पदार्थ विक्रेताले १८ वर्ष उमेर नपुगेका व्यक्ति र गर्भवती महिलालाई सुर्तीजन्य पदार्थ नबेच्ने र बेच्न नलगाउने र चुरोट तथा बिडीको फुटकर खिल्ली बेच्न नपाउने व्यवस्था रहेको छ।

सुर्तीजन्य पदार्थको रोकथाम तथा नियन्त्रणका लागि तीनै तहमा विद्यालय स्वास्थ्य शिक्षा, सरोकारवालासँग अन्तर्क्रिया कार्यक्रम, आमसञ्चार कार्यक्रम थप व्यापक गर्दै लैजान आवश्यक रहेको छ। सुर्तीजन्य पदार्थ नियन्त्रण र नियमनसम्बन्धी ऐन, कानून, नियमावली र निर्देशिका पारित भई लागू भइसकेको अवस्थामा यी प्रावधनको कडाइका साथ लागू गरी सुर्तीजन्य पदार्थबाट हुने असरलाई न्यूनीकरण गर्न अपरिहार्य रहेको मन्त्रालयले जनाएको छ।

# विश्व बैंकद्वारा नेपाललाई ऋण र अनुदान सहयोग

काठमाडौं, १७ जेठ/रासस

नेपाल सरकार र विश्व बैंकबीच रु १५ अर्ब ८४ करोड (अमेरिकी डलर १२ करोड) बराबर सहुलियतपूर्ण ऋण र रु दुई अर्ब ६० करोड (अमेरिकी डलर एक करोड ९७ लाख) बराबर अनुदान प्राप्तिसम्बन्धी सम्झौतामा हस्ताक्षर भएको छ।

बुधवार अर्थ मन्त्रालयमा आयोजित एक कार्यक्रमबीच अर्थसचिव अर्जुनप्रसाद पोखरेल र विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक फारिस हदाद जर्भोसले उक्त सम्झौतामा हस्ताक्षर गरेका हुन्।

विश्व बैंक अन्तर्गतको इन्टरनेशनल डेभलपमेन्ट एशोसिएशन (आइडिए)ले 'ग्लोबल पार्टनरशिप फर एजुकेशन' कार्यक्रममार्फत नेपालका सरकारी विद्यालयको पाठ्यक्रम विकास, पूर्वाधार निर्माण र सिकाइ गुणस्तर सुधारका लागि यस्तो ऋण र अनुदान दिएको हो। नेपालमा लागू भइरहेको विद्यालय क्षेत्र सुधार कार्यक्रम (स्कूल सेक्टर ट्रान्सफरमेशन प्रोग्राम)मार्फत यो रकम खर्च हुनेछ।

प्रारम्भिक तहका कक्षामा राष्ट्रियरूपमा एकीकृत पाठ्यक्रम निर्माणका लागि यस्तो रकम खर्च हुनेछ। त्यस्तै, कोभिड-१९ महामारी र विभिन्न प्राकृतिक विपद्का कारण असर परेको शिक्षण सिकाइलाई पुनरुत्थान गर्ने, सहज र सिकाइमैत्री कक्षाकोठा तथा पाठ्यक्रम निर्माण, शौचालय, सिकाइमा डिजिटल प्रविधिको प्रयोगलगायत क्षेत्रमा उक्त रकम खर्च हुने जनाइएको छ।

कार्यक्रममा अर्थसचिव पोखरेल यस कार्यक्रमको सफल कार्यान्वयनबाट विद्यालय शिक्षामा विद्यार्थीको पहुँच बढ्ने र सिकाइमा गुणस्तर कायम हुने अपेक्षा गरिएको बताए। "मानव पूँजी विकासका लागि शिक्षामा सबैको पहुँच र गुणस्तरीय शिक्षाका लागि यस कार्यक्रमले प्रभावकारी भूमिका खेल्नेछ," उनले भने।

त्यस्तै, विश्व बैंकका लागि माल्दिभ्स, नेपाल र श्रीलङ्काका देशीय निर्देशक जर्भोसले विद्यालय क्षेत्र सुधार कार्यक्रमले हरित, उत्थानशील र समावेशी विकास (ग्रिड) अवधारणा कार्यान्वयनमा बल पुग्ने बताए।



अर्थ मन्त्रालयमा बुधवार नेपाल सरकार र विश्व बैंकबीच विद्यालय क्षेत्र रूपान्तरण कार्यक्रममा माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका निर्देशक फारिस हदाद जभीस र अर्थ सचिव अर्जुनप्रसाद पोखरेल सम्झौतापत्र हस्ताक्षरपछि आदानप्रदान गरिँदै। तस्वीर: रासस

"पहुँचयोग्य र गुणस्तरीय शिक्षाका लागि गरिने लगानीले नेपालले अपनाएको ग्रिड अवधारणा कार्यान्वयनमा पनि सघाउ पुऱ्याउनेछ भन्ने अपेक्षा छ," उनले भने।



**भाडाको जग्गामा तरकारीखेती :** घोराही उपमहानगरपालिका-१६ तेरौटेस्थित स्थानीयवासीको जग्गा भाडामा लिएर व्यावसायिकरूपमा गरिएको काँक्राखेती। उत्पादन राम्रो हुने भएपछि जिल्लाबाहिरका व्यापारीहरूले घोराहीका विभिन्न स्थानमा जग्गा भाडामा लिएर तरकारीखेती गर्दै आएका छन्। तस्वीर: रासस

## फरक समाचार

### रेलको टिकटमा सिट नंको अगाडि पिक्यु लेखेपछि के हुन्छ ?

रेलमा यात्रा गर्नको लागि समयमैं टिकट बूक गर्नुपर्छ नत्र तपाईंको टिकट वेटिङ लिस्टमा हुन्छ, जसको कारण थुप्रै समस्याको सामना गर्नुपर्छ। कैयौंपटक कन्फर्म सिट पनि पाइँदैन भने टिकट अलग-अलग क्याटेगरीको वेटिङ लिस्टमा पुग्छ। यसैमध्ये एउटा हुन्छ पिक्यु।




रिजर्भ रहन्छ रेलको केही सिटः यदि एउटा सामान्य एक्सप्रेस रेलमा यदि १२ कोच छ र हरेक कोचमा ७२ वटा सिट छ, यस प्रकारले १२ कोचमा कुल ८६४ सिट हुन्छ। रेलवेले यी ८६४ सिटलाई प्रमुख कोटामा अलग-अलग बाँडेर राख्छ, जसमध्ये एउटा पिक्यु पनि हो।

पिक्युको मतलब पूल्ड कोटा हुन्छ। यस अन्तर्गत ८ प्रतिशत सिट रिजर्भ हुन्छ। यदि कुनै रेल आफ्नो पहिलो स्टेशनबाट सातौं स्टेशनसम्म जान्छ भने यसको रूटमा दुई नम्बरदेखि छ नम्बरसम्मको स्टेशन आउँछ। तर चौथो नम्बरमा पर्ने स्टेशन यस रूटको प्रमुख स्टेशन हो। यस्तोमा रेलवे ८ प्रतिशत सिट पूल्ड कोटा अन्तर्गत रिजर्भ राख्छ। हिसाब लगाउँदा ८६४ को ८ प्रतिशत अर्थात् ६९ सिट यस स्टेशनको लागि पूल्ड कोटा अन्तर्गत रिजर्भ हुन्छ।

पिक्युडब्लुएलको अर्थः पूल्ड कोटा वेटिङ लिस्ट टिकट हो। पिक्युडब्लुएल टिकट कन्फर्म हुने सम्भावना निकै कम हुन्छ किनभने वेटिङ लिस्ट टिकटको प्राथमिकता सूचीमा यो जिएनडब्लुएलपछि आउँछ। पहिले जिएनडब्लुएलको टिकट कन्फर्म हुन्छ, त्यसपछि पिक्युडब्लुएलको नम्बर आउँछ। यद्यपि तपाईं आइआरसिटिसीको वेबसाइटमा आफ्नो टिकट कन्फर्म भएको सम्भावना जाँच गर्न सकिन्छ।

१२० दिन पहिले शुरू हुन्छ बूकिङः भारतीय रेलवेमा टिकटको एडभान्स बूकिङ यात्राको तारीखभन्दा १२० दिन पहिले शुरू हुन्छ। तसर्थ समयमैं आफ्नो टिकट बूक गराउनुपर्छ जसले गर्दा कन्फर्म टिकट पाउन सकियोस् र यात्रा सहज होस्।

### संसारमा धनीसूचीमा ठूलो बदलाव हुँदै

संसारको सबैभन्दा धनी व्यक्ति बर्नार्ड अर्नाल्टको दबदबा कम भइरहेको छ। उनको अर्बपति नम्बरको ताजमा अब एलन मस्कको आँखा परेको छ। गत वर्ष




एलन मस्क संसारकै सबैभन्दा धनी व्यक्ति थिए र उनको ताज बर्नार्ड अर्नाल्टले छिनेका थिए। अर्नाल्ट र मस्कबीच केवल दुई अर्ब डलरको फरक छ।

ब्लुमबर्ग बिलेनियर इन्डेक्समा १९२ अर्ब डलरको नेटवर्थको साथ फ्रान्सका अर्नाल्ट पहिलो र १९२ अर्ब डलर कुल सम्पत्तिको साथ अमेरिकाका एलन मस्क दोस्रो स्थानमा छन्। पछिल्लो एक महीनामा बर्नार्डले १४ अर्ब डलर गुमाएका छन्। एक महीना पहिले उनीसँग २०६ अर्ब डलरको सम्पत्ति थियो र अहिले उनीसँग १९२ अर्ब डलर छ। एलन मस्क यस अवधिमा १६५ अर्ब डलरबाट १९० अर्ब डलरमा पुगेका छन्। यस दौरान उनको सम्पत्तिमा २५ अर्ब डलर वृद्धि भएको छ।

यस वर्ष अहिलेसम्मको कमाइमा एलन मस्कले मार्क जुकरबर्गलाई पछारेका छन्। यस वर्ष मस्कको सम्पत्तिमा ५३.३ अर्ब डलर वृद्धि भएको छ, जबकि मार्क जुकरबर्गको नेटवर्थमा ५०.१ अर्ब डलर रहेको छ। यस सूचीमा तेस्रो नम्बरमा जेफ बेजोस छन्, उनको कुल ३८.४ अर्ब डलर वृद्धि भएको छ। बर्नार्ड अर्नाल्टले २९.७, बिल गेट्सले १६.९, लैरी एलिशनले २५.७, स्टिभ बाल्मरले २९.१, वारेन बफेटले ५.०१, लैरी पेजले २९.१ र सर्गी ब्रिनले यस वर्ष २६.९ अर्ब डलर कमाएका छन्।

### मेवासँग यी फल सेवन गर्नुहुँदैन

वजन कम गर्न, पाचन सुधार्न र मधुमेह नियन्त्रित गर्न मेवा खानुपर्छ। मेवा भिटामिन ए, सी, मिनरल्स र एन्टिअक्सिडेन्टले भरिपूर्ण हुन्छ। त्यस कारण मेवासँग अन्य खानेकुरा खाँदा स्वास्थ्यमा असर पर्न सक्छ। मेवामा आहार फाइबर र ६० को मध्यम ग्लाइसेमिक इन्डेक्स हुन्छ, जसले मधुमेहका रोगीलाई निकै फाइदा पुग्छ। यस फलमा पपैन नामक एन्जाइम हुन्छ, जसले एलर्जीसँग लड्न र घाउ निको बनाउन मदत गर्छ। मेवासँग निम्न वस्तु खानुहुँदैन नत्र यो विष समान हुन सक्छ।



**दूधः** मेवासँगै दूध सेवन गर्दा पाचनसम्बन्धी समस्या हुन्छ, पेट बिग्रिन्छ। मेवामा पाइने एन्जाइम पपैनले दूध फाट्ने गर्छ। **अम्लीय फलः** मेवा प्राकृतिकरूपमा मीठो र थोरै अम्लीय फल हो। यसलाई अन्य अत्यधिक अम्लीय फल जस्तै सुन्तला, कागतीको साथ मिलाएर खानाले व्यक्तिलाई एसिडिटी हुन सक्छ।

**काँचो केराः** काँचो केरामा उच्च मात्रामा स्टार्च हुन्छ, जसले गर्दा कसैकसैलाई पचाउन निकै गाह्रो हुन्छ। मेवासँगै काँचो केरा खाँदा पेट सुन्निने र ग्याँसको समस्या हुन्छ। **मसालादार खानेकुराः** मेवाको स्वाद हलुका हुन्छ। अत्यधिक मसालादार भोजनसँग मेवा खाएपछि पाचनसम्बन्धी समस्या बढ्न सक्छ।

**रक्सीः** मेवासँगै रक्सी सेवन गर्नाले पाचन र समग्र स्वास्थ्यमाथि नकारात्मक प्रभाव पर्न सक्छ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## उत्तर कोरियाको जासूसी उपग्रह प्रक्षेपण असफल


तस्वीरः एजेन्सी

सोल, १७ जेठ/सिन्ह्वा

प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (डिपिआरके)को जासूसी उपग्रह प्रक्षेपण असफल भएको छ।

पश्चिमी जलक्षेत्रमा खसेर दुर्घटनाग्रस्त भएको सरकारी समाचार समिति कोरियन सेन्ट्रल न्यूज एजेन्सी (केसिएनए)ले जनाएको छ।

उत्तर कोरियाको नेशनल एरोस्पेस डेभलपमेन्ट एडमिनिस्ट्रेशन (एनएडिए) ले आजको दुर्घटनाबाट पाठ सिक्दै चाँडोभन्दा चाँडो अर्को उपग्रह प्रक्षेपण गर्ने बताएको छ।

रकेट इन्जिन प्रणाली र इन्धनका कारण दुर्घटना भएको प्रारम्भिक विवरणमा उल्लेख छ।

एरोस्पेस एजेन्सीले उपग्रह प्रक्षेपणमा देखा परेका गम्भीर त्रुटिहरूको विस्तृत अध्ययन गर्ने, तिनलाई हटाउन तत्काल वैज्ञानिक र प्राविधिक उपायहरू गर्ने र विभिन्न भागको परीक्षण गरी जतिसक्दो चाँडो दोस्रो प्रक्षेपण गर्ने बताएको छ।

यसैबीच फ्रान्सेली समाचार समिति एएफपीका अनुसार उत्तर कोरियाले अमेरिकी सैन्य गतिविधिको सूक्ष्म निगरानी गर्न यही जेठ २८ भित्र आफ्नो जासूसी उपग्रह प्रक्षेपण गर्ने योजना सार्वजनिक गरेको थियो।

प्योङयाङको आजको असफल प्रक्षेपणले दक्षिण कोरियाको राजधानी सोलमा हल्लीखल्ली मच्चियो भने जापानको दक्षिणी ओकिनावाका बासिन्दालाई सतर्क रहन सुरक्षा चेतावनी जारी गरिएको थियो।

सोलमा अराजकता र अन्योल छायो, जब मानिसले हवाई आक्रमणको साइरन सुने र उनीहरू भाग्ने तयारीमा जुटे। आपत्कालीन सन्देश प्रवाह भएको २० मिनेटपछि मात्र त्यो त्रुटिवश प्रवाह भएको वास्तविकता बाहिर आयो। आजको अफवाहले सुरक्षा सतर्कता प्रणालीप्रति विश्वास गुमेको ३३ वर्षीया एक गृहिणीले बताएकी छन्।

"उत्तर कोरियाले दक्षिण कोरियामा सुरक्षा जोखिम बढाएको छ, भविष्यमा सतर्कता चेतावनी जारी हुँदा गम्भीरतापूर्वक लिइन्छ वा लिइँदैन प्रश्न खडा भएको छ"–उनले भनिन्।

**जासूसी उपग्रह प्रक्षेपणको निन्दा**

टोकियो/एएफपी

प्रजातान्त्रिक जनगणतन्त्र कोरिया (डिपिआरके)ले आज गरेको जासूसी उपग्रह प्रक्षेपणको जापान, दक्षिण कोरिया र अमेरिकाले निन्दा गरेका छन्। यद्यपि प्योङ्याङको परीक्षण दुर्घटनाका कारण असफल भएको छ।

जापानले उत्तर कोरियाको उपग्रह प्रक्षेपणको असफल प्रयासबाट संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्का प्रस्तावहरूको गम्भीर उल्लङ्घन भएको उल्लेख गर्दै त्यसको निन्दा गरेको छ। "उत्तर कोरियाको उक्त कदमको जापान विरोध र निन्दा गर्छ," जापान सरकारका प्रवक्ता हिरोकाजु मात्सुनोले भनेका छन्। उत्तर कोरियाली अधिकारीहरूका अनुसार प्योङ्याङले टोकियोलाई प्रक्षेपणका सम्बन्धमा जानकारी दिएको थियो।

जापानका रक्षामन्त्री यासुकाजु हामादाले पत्रकारहरूमाझ भनेका छन्, "हामी यस प्रकारको प्रक्षेपणलाई सहन सक्दैनौं, चाहे त्यो उपग्रह होस् वा अन्य कुनै चीज, यसले राष्ट्रसङ्घीय सुरक्षा परिषद्को प्रस्तावलाई उल्लङ्घन गरेको छ।"

संयुक्त राज्य अमेरिकाले प्रक्षेपणको निन्दा गर्दै प्योङ्याङलाई तत्काल उत्तेजक कार्य बन्द गर्न आह्वान गरेको छ। राष्ट्रिय सुरक्षा प्रवक्ता एडम होजले प्योङ्याङ र वाशिङ्टनबीचको कूटनीति संवाद बन्द नभएको उल्लेख गर्दै उनले आफू र आफ्ना सहयोगीलाई बचाउन अमेरिकाले सबै आवश्यक उपाय अवलम्बन गर्ने बताएका छन्।

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पनि यस कदमको निन्दा गर्दै प्योङ्याङको पछिल्लो प्रक्षेपणको निन्दा गरेका छन्।

उत्तर कोरियाली नेता किम जोङ उनले सैन्य भूउपग्रहको विकासलाई आफ्नो देशको प्रतिरक्षाको प्रमुख अङ्ग भएको स्पष्ट गरेका छन्। रासस

## कजाकिस्तान इजरायलमा धार्मिक सम्मेलन आयोजना गर्दै

तेलअबिब, १७ जेठ/एएनआई

कजाकिस्तान गणतन्त्रले आगामी साता पवित्र भूमि तेल अबिबमा धार्मिक सम्मेलन गर्ने घोषणा गरेको छ। मध्य एशियाली देशका साथै विश्वका विभिन्न मुलुकका परम्परागत धर्मका नेताले सम्मेलनमा भाग लिनेछन्।

कजाकिस्तानमा विगत दुई दशकदेखि प्रत्येक तीन वर्षमा आयोजना हुँदै आएको अन्तर्धार्मिक मञ्चको सम्मेलन यसपटक इजरायलमा आयोजना गर्ने निर्णय भएको हो।

सम्मेलनमा इजरायलका प्रमुख रब्बीहरू, इजरायलका मुसलमान, ड्रुज र बहाई समुदायका प्रतिनिधि, प्रमुख राजनीतिक र शैक्षिक अधिकारीसहित धेरै धार्मिक नेताले भाग लिने अपेक्षा गरिएको छ।

इजरायल र साइप्रसका लागि कजाकिस्तानका राजदूत सतिबाल्डी बुर्साकोभका अनुसार कजाकस्तानको सिनेटका अध्यक्ष मौलेन असिमबाएभले सम्मेलनको प्रमुख वक्ताका रूपमा भाग लिने तथा त्यसले विश्व शान्ति तथा वर्तमान चुनौतीको सामना गर्न एकताबद्ध हुन आह्वान गर्नेछ।

विश्वभरका धार्मिक नेताहरूको सामूहिक प्रयासबाट विभिन्न राष्ट्र र समुदायबीचको मनोमालिन्य अन्त्य गर्न तथा आपसी विश्वास, सहकार्य र साझेदारीलाई अगाडि बढाउन मदत पुग्ने विश्वास गरिएको छ।

सन् १९९२ मा सोभियत सङ्घको पतनपछि स्वतन्त्र भएको मध्य एशियाली देश कजाकिस्तानले इजरायलसँग कूटनीतिक सम्बन्ध स्थापना गरेको हो। सन् २०१६ मा प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले कजाकिस्तानको भ्रमण गरेका थिए। पूर्वसोभियत गणतन्त्रमा इजरायली प्रधानमन्त्रीको त्यो पहिलो भ्रमण थियो।

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

## फिलिपिन्समा रेडियो पत्रकारको हत्या

मनिला, १७ जेठ/एएफपी

फिलिपिन्समा एकजना रेडियो पत्रकारको गोली हानेर हत्या भएको छ। ५० वर्षीय क्रेसेन्सियानो बुन्डुक्विनको आज हत्या भएको हो।

मध्य फिलिपिन्सको ओरिएन्टल मिन्डोरो प्रान्तको कालापान शहरमा मोटरसाइकल सवार बन्दूकधारीले ५० वर्षीय बुन्डुक्विनलाई उनको घरबाहिर गोली हानेर हत्या गरेका प्रहरी कर्नेल सामुएल डेलोरिनोले एएफपीलाई बताएका छन्। आक्रमणको प्रतिकार गर्दै पत्रकार बन्डुक्विनका छोराले बन्दूकधारीहरूलाई आफ्नो गाडीले ठक्कर दिएपछि आक्रमणकारीहरूमध्ये एकजनाको मृत्यु भएको छ। बाँकी आक्रमणकारी भाग्न सफल भएका छन्। उनीहरूको खोजी जारी रहेको कर्नेल डेलोरिनोले बताएका छन्।

गत जूनमा राष्ट्रपति फर्डिनान्ड मार्कोसले कार्यभार सम्हालेपछि मारिने बुन्डुक्विन तेस्रो पत्रकार हुन्। केही महीना अघि रेडियो प्रसारक पर्सिभल माबासालाई मनिलास्थित उनको स्टुडियोतर्फ गइरहेका बेला गोली हानी मारिएको थियो। रासस

**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## नागरिकताको समस्या सधैंका लागि अन्त्य होस् –यादव

राजविराज, १७ जेठ/रासस

जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले आफ्नै मुलुकका नागरिकलाई नागरिकता दिनका लागि लड्नुपर्ने अवस्था सधैंका लागि समाधान हुने विश्वास व्यक्त गरेका छन्।

सप्तरीको राजविराजमा नवनिर्मित नर्सिङ कलेज भवनको उद्घाटन कार्यक्रममा उनले नागरिकता विधेयक प्रमाणीकरण गरेकाप्रति राष्ट्रपति रामचन्द्र पौडेललाई विशेष धन्यवाद दिंदै मुलुकबाट नागरिकतासम्बन्धी समस्या हल हुने बताए।

विगतमा पनि लामो सङ्घर्षपछि मात्रै यहाँका नागरिकले नागरिकता पाएको उल्लेख गर्दै उनले नागरिकता विधेयकमा पनि ठूलै सङ्घर्ष गर्नुपरेको उनले बताए। "मधेसमा देखिएका नागरिकतासम्बन्धी समस्या समाधानका निम्ति हामीले सडकदेखि सदनसम्म लामो समय सङ्घर्ष गर्दा पहिलो चरणमा २२ लाख र दोस्रो चरणमा नौ लाख नागरिकलाई नागरिकता दिलायौं," अध्यक्ष यादवले भने, "तर पनि थुप्रै नागरिकका सन्तान गैरनागरिक नै छन्, त्यसका लागि पनि ठूलै सङ्घर्ष गर्नुपर्‍यो।

**छ करोड ९२ लाखमा नर्सिङ भवन**

अघिल्लो कार्यकालमा सप्तरी निर्वाचन क्षेत्र नं २ बाट निर्वाचित भएका अध्यक्ष यादवको संसदीय कोषको बजेटबाट निर्माण भएको नर्सिङ भवन उद्घाटन गरिएको छ। कुल रु छ करोड ९२ लाखको लागतमा निर्माण भएको दुई तले भवनको उद्घाटन गरिएको छ। राजविराजस्थित गजेन्द्रनारायण सिंह अस्पताल परिसरमा निर्माण भएको उक्त भवनमा आगामी वर्षदेखि नर्सिङको कक्षा सञ्चालन गर्ने तयारी गरिएको छ।


अध्यक्ष उपेन्द्र यादव।

## बजेट सकारात्मक –व्यवसायी महासङ्घ

काठमाडौं, १७ जेठ/रासस

नेपाल राष्ट्रिय व्यवसायी महासङ्घले आर्थिक वर्ष २०८०/८१ बजेट निजी क्षेत्रको मनोबल बढाउने खालको आएकाले सकारात्मक भएको बताएको छ। महासङ्घका अध्यक्ष कुमार कार्कीले बुधवार विज्ञप्ती जारी गरी बजेटमा निजीक्षेत्रको मनोबल बढाउने योजना ल्याएकाले सकारात्मक रहेको बताएका हुन्।

"चालु आवमा समग्रमा दुई दशमलव १६ प्रतिशत मात्रै आर्थिक वृद्धि हुने देखिएकोमा आगामी आवमा ६ प्रतिशतको आर्थिक वृद्धि गर्ने लक्ष्य निकै महत्वकाङ्क्षी योजना रहेको देखिन्छ,"–अध्यक्ष कार्कीले भने।

महासङ्घले सरकारले आगामी आवका लागि प्रस्तुत गरेको रु १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट ठूलो आकारको रहेको भन्दै बजेटमा प्रस्तुत गरिएका स्रोतहरू आफैंमा सुनिश्चित हुन नसकेमा कार्यान्वयन पाटो चुनौतीपूर्ण हुने देखिएको बताएको छ।

अध्यक्ष कार्कीले कोरोना महामारीबाट थला परेको नेपालको अर्थतन्त्रको शिथिलता र आर्थिक मन्दिलाई आगामी बजेटले पर्याप्त मात्रामा सम्बोधन गर्न नसकेको बताए। बजेटले इन्भेस्टमेन्ट पोर्टल अद्यावधिक, निर्यातमा इकमर्सलाई बढावा दिने, करार खेतीलगायत कृषि क्षेत्रको आधुनिकीकरण गर्ने, ढुङ्गा गिटी निकासी खुलाउने जस्ता व्यवस्थाले अर्थतन्त्रमा सकारात्मक दिशामा लैजाने महासङ्घले बताएको छ।

बजेटमा लामो समयदेखि बन्द रहेका जग्गाको कित्ताकाट फुकुवा गरिनु सकारात्मक भए पनि अनुमति प्राप्त ब्रोकरमार्फत घर जग्गा बेचबिखन गरिने

(बाँकी अन्तिम पातामा)

## विद्यालय व्यवस्थापन समिति गठन


तस्वीरः प्रतीक

प्रस, पंचगाँवा, १७ जेठ/

पटेर्वासुगौली गाउँपालिका-४ भतौडास्थित वनदेवी आधारभूत विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन भएको छ।

बुधवार सम्पन्न अभिभावक भेलाले छ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरेको हो। समितिका सदस्यहरूमा उधो राउत, दुःखी महतो, रवितादेवी नुनिया, शविकुमारी देवी, दीपनारायण महतो र मदन तिवारी सर्वसम्मत चयन भएका हुन्।

चयन भएका सदस्यहरूमध्येबाट समितिको अध्यक्ष चयन हुने प्रधानाध्यापक सुभाषप्रसाद दासले जानकारी दिए। भेलामा प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव, शिक्षा शाखा प्रमुख सोलेन्द्र पञ्जियार, वडासदस्य शिवशङ्कर राउत, मनिहर्वा आधारभूत विद्यालयका प्रअ हरिराज यादव, जनता आधारभूत आवि, पथरैयाका प्रअ लक्ष्मीनारायण ओझैया, सुगौलीदाप माविका प्रअ रामाशङ्कर राउतलगायतको सहभागिता थियो।

### बडनिहारमा सुरक्षा ...

कुटपिटसमेत गर्ने गरेको बताए। यसबाट लघुवित्तका कर्मचारीहरूले आफूहरू असुरक्षित वातावरणमा रहेको महसूस गरेको गुनासो गरे।

लक्ष्मी लघुवित्त बडनिहारका मैनेजर कविता खत्रीले कर्मचारीहरू समस्यामा पर्दा स्थानीय वडा तथा पालिकालाई खबर गर्दा पनि सहयोग नपाएको गुनासो गरिन्।

प्रनि केशरीले बैंक, वित्तीय संस्थाका कर्मचारी तथा व्यापारीहरूलाई सुरक्षा आवश्यकता परे सुरक्षा दिन तयार रहेको बताए। उनले बैंक, लघुवित्त संस्था, सहकारीहरूमा सुरक्षाको लागि सिसिटिभी जडान गर्न अनुरोधसमेत गरेका छन्।

कार्यक्रममा बडनिहार प्रहरी चौकीका प्रहरी सहायक निरीक्षक दीपेन्द्र गिरी, गतिशील व्यापारी समितिका अध्यक्ष टीकाराम पौडेललगायतको सहभागिता थियो।

**आजको राशिफल**

| | |
|---|---|
| मेष – यात्रालाभ | वृष – कडाश्रम |
| मिथुन – ज्ञानोदय | कर्कट – भयचिन्ता |
| सिंह – विजय | कन्या – धनलाभ |
| तुला – भाग्योदय | वृश्चिक – बेचैनी |
| धनु – मनोरञ्जन | मकर – कर्मप्राप्ति |
| कुम्भ – भाग्यवृद्धि | मीन – वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## दुई हजारजनाले सतुवा खाए



तस्वीरः सौजन्य

प्रस, वीरगंज, १७ जेठ/

ग्रीन सिटी सामुदायिक सेवा केन्द्र आदर्शनगरले बुधवार आयोजना गरेको निश्शुल्क सतुवा वितरण कार्यक्रममा दुई हजारजनाले सतुवा खाए।

बढ्दो गर्मीसँगै ग्रीन सिटीका सदस्यहरू मिलेर आज आदर्शनगर चोकमा निश्शुल्क सतुवा वितरण गरेका थिए। करीब सय किलो सतुवा बिहान ८ देखि दिउँसो ३ बजेसम्म खपत भएको र दुई हजार मानिसले सेवन गरेको केन्द्रका अध्यक्ष प्रकाश खेतानले बताए।

### बाघभैरव सामुदायिक वन ...

प्रजातिका चराचुरुङ्गीहरू देख्न सकिन्छ। पर्सा राष्ट्रिय निकुञ्ज र वन समूहको वन क्षेत्र हुँदै वन्यजन्तुहरू चुरे भएर बग्ने चुरे फेदको बागदेवस्थित बकैयाखोला मोहोरीमा पानी पिएर यस नदीउकास घना वन क्षेत्रमा वन्यजन्तुहरू विश्राम लिने, चरिचरण गर्ने र बास बस्ने गरेको प्रत्यक्षदर्शी स्थानीयहरू बताउँछन्।

विगतमा यस नदीउकास जमीनलाई संरक्षण नगर्दा चैत, वैशाख, जेठको गर्मीमा पानीको स्रोत सुक्ने र हरियाली बढ्न थालेसँगै पानीको स्रोत सुक्न छाडेको स्थानीय मानबहादुर योञ्जन र नेलबहादुर राउतले बताए।

बगरमा घना वन र हरियाली बढेसँगै गाईवस्तुका लागि घासपात पनि सहजै पाउन थालेको स्थानीय तुलसा पाण्डे, सरिता राउत र अनीता बरालले बताए।

वन समूहको वन क्षेत्रलाई संरक्षण गर्दै पर्यटकीय क्षेत्रका रूपमा विकास विस्तार गर्न सके आन्तरिक तथा बाह्य पर्यटक आउन सक्ने सम्भावना रहेको वन समूहकी सचिव यशोदा बुढाथोकी र कोषाध्यक्ष ज्ञानबहादुर थिङले बताए। वन समूह क्षेत्रमा मोहोरीस्थित गणेशमान सिंह पिकनिक पार्क, शहीद हीरालाल पार्क छन् भने तराई–मधेसको निजगढ भएर सङ्घीय राजधानी काठमाडौं जोड्ने द्रुतमार्ग चुरे छिचोलेर गएको छ। यही वन क्षेत्र आसपास भएर पूर्व–पश्चिम विद्युतीय रेलमार्ग लैजान सरकारले सर्भे पनि गरिरहेको छ।

# सरसफाइसम्बन्धी आठ दिने तालीम शुरू

## तीन दशकअघि बनेको नालाको सफाइ

प्रस, वीरगंज, १७ जेठ/

वीरगंज महानगरपालिकाको आयोजनामा बुधवारदेखि आठ दिने सरसफाइसम्बन्धी तालीम शुरू भएको छ । महानगरपालिकाको सहयोगमा नेशनल इन्प्लोयमेन्ट डेभलपमेन्ट सेन्टर प्रालिले शुरू गरेको तालीमको नगरप्रमुख राजेशमान सिंहले उद्घाटन गरे । उनले सरसफाइसम्बन्धी सचेतना फैलाउनुका साथै फोहरको उचित व्यवस्थापन गरी त्यसबाट कसरी आम्दानी गर्न सकिन्छ भन्नेबारेमा सीप सिकाउने अभिप्रायले तालीम आयोजना गरिएको बताए ।




उनले महानगरलाई सफा र सुन्दर बनाउने अभियानलाई सफल बनाउन र फोहरको सही व्यवस्थापन गर्न सबैजना सचेत हुनुपर्ने र त्यसका लागि तालीम आवश्यक भएको बताए । उनले महानगरको अहिलेको सरसफाइमा परिवर्तन देखिए पनि पर्याप्त नभएको र त्यसका लागि थप कार्यहरू प्राथमिकताका साथ गरिरहेको बताए । उनले फोहर व्यवस्थापनबाट अहिले आफू सन्तुष्ट नभएको भन्दै महानगरका गली, सडक, नालाहरू आफ्नै कार्यकालमा सफा गराउने दाबी गरे ।

वडा नं ११ का अध्यक्ष अजयकुमार चौरसियाले महानगरको सरसफाइसम्बन्धी अभियानमा सबैको साथ र सहयोग आवश्यक भएको बताए । उनले सबै वडाध्यक्ष आआफ्नो वडामा सक्रियपूर्वक लागेको खण्डमा महानगर सफा र सुन्दर देखिने बताए । तालीमको सहजीकरण आयोजक संस्थाका संयोजक सञ्जीव तिवारीले गरेका थिए ।

यसैबीच, महानगरले बुधवार जिल्ला प्रशासन कार्यालय, पर्सादेखि दक्षिणतर्फको नाला सफाइ गरेको छ । पञ्चायतकालमा विश्व बैंकको सहयोगमा तत्कालीन नगरपञ्चायतले रु दुई करोड ७० लाखको लागतमा जिल्ला हुलाकदेखि श्रीसिया नदीसम्म १० फुटे नाला निर्माण गरेको थियो । सोही क्रममा जिल्ला प्रशासन कार्यालयको दक्षिणतर्फको नाला पनि बनेको थियो । १० फिटे नाला निर्माण भएपनि सरसफाइको समस्याले गर्दा ठाउँ-ठाउँमा नाला जाम हुने र वर्षाको समयमा नगरपालिका डुबानमा पर्ने गरेको थियो । विश्व बैंकको सहयोगमा निर्मित नालाकै एरियामा पछि एडिबीको सहयोगमा महानगरमा सञ्चालित मझौला शहर एकीकृत वातावरणीय योजना अन्तर्गत साढे तीन सय करोडको लागतमा नाला, सडक निर्माण कार्य पनि भएको थियो ।

पुरानै नालामा एडिबीले काम गरे पनि ठाउँ-ठाउँमा सवारीसाधन प्रयोग हुन नसक्दा नालाको सफाइ हुन सकेको थिएन । सोही कारणले कतिपय ठाउँमा एडिबीले मझौला शहर एकीकृत वातावरणीय योजना अन्तर्गत नाला बनाउने कार्यलाई उलटपुलट गरेको थियो । अहिले सोही नालामध्ये जिल्ला प्रशासनअगाडिको करीब तीन दशक बढी पुरानो नालाको सफाइ गरेको हो । जिल्ला प्रशासन कार्यालयको पर्खाल भत्काएर आज एक्साभेटरद्वारा पुरानो नाला सफाइ गरिएको हो ।



जिल्ला प्रशासनदेखि दक्षिणतर्फको नाला सफाइपछिको दृश्य । तस्वीरः सौजन्य

सफाइ कार्यपछि वर्षाको पानी सहजरूपमा नालामार्फत पास हुने र डुबानको समस्या केही हदसम्म नियन्त्रण हुने महानगरले विश्वास लिएको छ ।

# खेलकूदको संसार

## मछिन्द्रले सातदोबाटोलाई हरायो

काठमाडौं, १७ जेठ/रासस



तस्वीर सौजन्यः एन्फा

शहीद स्मारक 'ए' डिभिजन लिग फूटबल प्रतियोगिता अन्तर्गत बुधवार भएको खेलमा मछिन्द्र फूटबल क्लब विजयी भएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फूटबल सङ्घ (एन्फा) कम्प्लेक्समा भएको खेलमा मछिन्द्रले सातदोबाटो युथ क्लबलाई ३-१ गोलअन्तरले पराजित गरेको हो । मछिन्द्रको जीतमा आफिज ओलावालेले ह्याट्रिक पूरा गरे ।

पराजित सातदोबाटोका जोर्डन पुनमगरले एक गोल फर्काए । खेलको १७औं मिनेटमा ओलावालेले गोल गर्दै मछिन्द्रलाई सुरुआती अग्रता दिलाए । पहिलो हाफको अतिरिक्त समयमा ओलावालेले व्यक्तिगत दोस्रो गोल गर्दै मछिन्द्रलाई २-० को अग्रता दिलाए ।

खेलको ५६औं मिनेटमा ओलावालेले ह्याट्रिक पूरा गर्दै मछिन्द्रलाई ३-० को अग्रता दिलाए । त्यसपछि खेलको ८४औं मिनेटमा सातदोबाटोका जोर्डनले एक गोल गरे । यस जीतसँगै मछिन्द्र २३ खेलमा ३९ अङ्क जोड्दै अङ्कतालिकाको दोस्रो स्थानमा उक्लेको छ । समान खेल खेलेको सातदोबाटो २९ अङ्क जोडेर छैटौं स्थानमा रहेको छ ।

## युवा कुलतको शिकार भएर जीवन नष्ट गर्दै –गद्दी

प्रस, वीरगंज, १७ जेठ/

अन्तर्राष्ट्रिय धुम्रपानरहित दिवसको अवसरमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्रले सचित्र प्रशिक्षण एवं विचारगोष्ठी आयोजना गरेको छ ।

कार्यक्रमको उद्घाटन मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबूराउत गद्दीले गर्दै लागूपदार्थ र कुलतको शिकार भएर आजका युवाहरूले जीवन नष्ट गरिरहेका बताए । उनले विश्वव्यापी ब्रह्माकुमारी संस्थाले विश्वभरि विभिन्न सचेतनामूलक कार्यक्रम र आध्यात्मिकताको माध्यमबाट समाजलाई कुलत, दुर्व्यसन र विकृति-विसङ्गतिबाट मुक्त गर्न सक्ने बताए ।



तस्वीरः सौजन्य

वीरगंजस्थित भारतीय महावाणिज्य दूतावासका महावाणिज्यदूत नितेश कुमारले युवाहरू यो कुलतमा नफसोस् भनेर गम्भीर हुनुपर्ने बताए । युवा अवस्थाका मानिसहरूमा खासगरी यो कुलत देखिने गरेकोले यसतर्फ संवेदनशील हुनुपर्ने सुझाव दिए ।

कार्यक्रममा ब्रह्माकुमार डा सागरले लागूऔषधसम्बन्धी उत्प्रेरणामूलक प्रस्तुति देखाएका थिए भने ब्रह्माकुमारी सविता र तृप्तिले आध्यात्मिक र सचेतनामूलक चित्र प्रदर्शनी गरेका थिए ।

ब्रह्माकुमारी रविना दिदीको अध्यक्षयतामा भएको कार्यक्रममा सशस्त्र प्रहरी गण पिलुवाका प्रहरी उपरीक्षक राजु श्रेष्ठ, राजयोग प्रशिक्षक ब्रह्माकुमार गुणराज, ज्ञानदा एकेडेमीका प्रमुख राजेन्द्र कोइरालालगायतले मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा समाजसेवी मधु राणा, सामुदायिक सेवा केन्द्र, छपकैयाका अध्यक्ष ग्याँसुद्दीन ठकुराई, युवा प्रभाग वीरगंजका संयोजक ब्रह्माकुमार गोवर्धन चौधरी, ज्ञानदा एकेडेमीमा अध्ययनरत कक्षा ८, ९, १० र ११ का विद्यार्थीहरूको सहभागिता थियो ।

ब्रह्माकुमारी बेलीले स्वागत र युवा प्रभाग वीरगंजका सहसंयोजक ब्रह्माकुमार गोकुल गुभाजुले कार्यक्रमको सहजीकरण गरेका थिए ।

## बडनिहारमा सुरक्षा चुनौतीबारे अन्तर्क्रिया

बलिराम शुक्ला, बिरुवागुठी १७ जेठ/

पर्सागढी नगरपालिका-३ स्थित प्रहरी चौकी बडनिहारमा सुरक्षा चुनौती विषयक अन्तर्क्रिया कार्यक्रम बुधवार सम्पन्न भएको छ ।

इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीको पहलमा बैंक, लघुवित्त, सहकारी र व्यापारीहरूबीच छलफल भएको हो ।

छलफलमा लघुवित्तका प्रतिनिधिहरूले लघुवित्तविरुद्ध सङ्घर्ष



गरिरहेका केही व्यक्तिबाट सुरक्षा चुनौती बढेको गुनासो गरे । निर्धन लघुवित्त वित्तीय संस्था, बडनिहारका मैनेजर रामशङ्कर कहारले लघुवित्तका कर्मचारीहरू गाउँघरमा किस्ता उठाउन र बैठक गर्न जाँदा सङ्घर्ष समितिका सदस्यहरूले धाकधम्की दिने र

(बाँकी पाँचौं पातामा)

### बजेट सकारात्मक ...

व्यवस्था राम्रो नभएको महासङ्घले बताएको छ । रु एक सयमा नै अनलाइनमार्फत कम्पनी दर्ता तथा खारेज एवम् पुाजी वृद्धि गर्दा दस्तुर नलाग्ने व्यवस्था सकारात्मक रहेको अध्यक्ष कार्कीको भनाइ छ ।

महासङ्घले सन् २०२३ देखि २०३३ सम्मलाई पर्यटन दशक घोषणा एवं आगामी वर्ष लगानी सम्मेलन गर्ने कार्यक्रमले लगानीमैत्री वातावरण सिर्जना गर्ने अवस्था आएको बताएको छ । अध्यक्ष कार्कीले नेपालीसँग सामान किन्ने विदेशी परियोजनालाई भ्याट फिर्ता दिने घोषणा, एक करोडसम्म टर्नओभर भएका कम्पनी/फर्मलाई ४-४ महिनामा भ्याट तिर्ने व्यवस्था, अनलाईनबाट भन्सारमा डकुमेन्ट पेस गर्न पाउने सुविधा र भन्सार प्रयोगशालाको सुधार योजनाले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने बताए ।

## शैक्षिक सामग्री सहयोग



तस्वीरः सौजन्य

प्रस, पोखरिया, १७ जेठ/

पोखरिया नगरपालिका-४ मा रहेको दलित उत्थान सामुदायिक समूहलाई उपकार सेवा नेपाल पर्साले शैक्षिक सामग्री सहयोग गरेको छ ।

समूहले पोखरिया नगरपालिकामा दलित तथा गैरदलित विद्यार्थीहरूका लागि टच्युशन पढाउने कार्यमा सहयोग गर्ने उद्देश्यले सेतो बोर्ड दुई थान, मार्कर एक प्याकेट, डस्टर दुई थान, स्टयान्ड पङ्खा दुई सेट, कपी, पेन्सिल, इरेजरलगायतका शैक्षिक सामग्री सहयोग गरेको हो ।

उपकार सेवा नेपाल संस्थाका अध्यक्ष विद्या सरावगीले समूहका सचिव रामेश्वर रामलाई सो सामग्री हस्तान्तरण गरेकी थिइन् ।

कार्यक्रममा सुमन बगेडिया, अङ्कुर शर्मा, जयप्रकाश थारू, जादवलाल राम, टच्युशन सेन्टरकी शिक्षिकाद्वय पूजाकुमारी राम र फूलकुमारी रामलगायतको सहभागिता थियो ।





**गर्मी एवं वर्षातको समयमा लामखुट्टेबाट सर्ने रोगबाट बचौं।**

औलो (मलेरिया), डेंगी ज्वरो, कालाजार, जापानिज इन्सेफलाइटिस जस्ता सङ्क्रामक रोग लामखुट्टेको टोकाइबाट हुने गर्छ।

**यसबाट बच्न,**

- झुल लगाएर सुत्ने,
- पूरा शरीर ढाक्ने गरी लुगा लगाउने,
- शरीरका खुल्ला अङ्गमा लामखुट्टेको टोकाइबाट बच्ने मलम लगाउने,
- घरको झ्याल तथा ढोकामा जाली राख्ने,
- घरवरिपरि, बगैंचा र सार्वजनिक स्थानमा पानी जम्न नदिने र खाल्डाखुल्डी पुर्ने,
- ढल, नाला खुल्ला नराख्ने,
- पोखरी, दह तथा नालाहरूमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने,
- सुङ्गुर, बङ्गुर, हाँस, घोडाजस्ता पशुपन्छीहरू व्यवस्थित ढङ्गले पाल्ने,
- मानिस बस्ने घरभन्दा पशुपन्छीको खोर टाढा राख्ने ।

नेपाल सरकार
विज्ञापन बोर्ड